# सामुदायिक विद्यालयमा बालविकास केन्द्रको व्यवस्थापन

त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र संकाय शैक्षिक योजना तथा
व्यवस्थापन विभाग अन्तर्गत स्नातकोत्तर तह (एम.एड.) दोस्रो
वर्षको आंशिक आवश्यकता पूरा गर्नका
लागि प्रस्तुत

## शोध-पत्र


**प्रस्तुतकर्ता**

खेमनाथ ढुङ्गेल

तह : एम.एड.दोस्रो वर्ष

क्याम्पस क्रमाङ्क : ०११

परीक्षा क्रमाङ्क : २०४००८९/२०६८

त्रि.वि.दर्ता नं. १४३२८-९१

कनकाई बहुमुखी क्याम्पस

कनकाई न.पा., सुरुङ्गा, झापा


२०७४ (सन् २०१७)

त्रि.वि.बाट सम्बन्धन प्राप्त

# कनकाई बहुमुखी क्याम्पस

कनकाई नगरपालिका, सुरुङ्गा (झापा)

स्था. २०४७

☎ ०२३-५५०१५३
Fax : ०२३-५५०८५३
Email : kanakai.campus47@gmail.com

च.नं.
प.सं.

मिति :............................

## सिफारिश पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका परीक्षा क्रमाङ्क २०४००८९/२०६८ का छात्र खेमनाथ ढुंगेलले मेरो प्रत्यक्ष निर्देशनमा **सामुदायिक विद्यालयमा बालविकास केन्द्रको व्यवस्थापन** शीर्षकमा तयार पारेको शोधपत्र प्रति म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिश गर्दछु ।

मिति : १८ डिसेम्बर २०१७

(गोपीकृष्ण भट्टराई)
शोध निर्देशक

त्रि.वि.बाट सम्बन्धन प्राप्त

# कनकाई बहुमुखी क्याम्पस

कनकाई नगरपालिका, सुरुङ्गा (झापा)

स्था. २०४७

☎ ०२३-५५०१५३

Fax : ०२३-५५०८५३

Email : kanakai.campus47@gmail.com

च.नं.

प.सं.

मिति :.............................

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका परीक्षा क्रमाङ्क २०४००८९/२०६८ का छात्र खेमनाथ ढुंगेलले **सामुदायिक विद्यालयमा बालविकास केन्द्रको व्यवस्थापन** शीर्षकमा तयार पारेको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ।

शोध मूल्याङ्कन समिति

| नाम र पद | हस्ताक्षर |
|---|---|
| १. उप-प्रा. आशा शर्मा सिवाकोटी<br>विभागीय प्रमुख | ........................................ |
| २. गोपीकृष्ण भट्टराई<br>शोध निर्देशक | ........................................ |
| ३. प्रा.डा. हेमराज ढकाल<br>बाह्य परीक्षक | ........................................ |

मिति : २ जनवरी २०१८

## कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय अन्तरगत कनकाई बहुमुखी क्याम्पस सुरुङ्गा झापाको स्नातकोत्तर तह द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन बिषयको आंशिक आवश्यकता परिपूर्तिका लागि यो शोधपत्र तयार गरिएको छ । सामुदायिक विद्यालयमा सञ्चालित बालबिकास केन्द्र व्यवस्थापन बिषयमा झापाका अनारमनी स्रोतकेन्द्र अन्तर्गतका ५ वटा सामुदायिक विद्यालयमा केन्द्रित रहेर यो अध्ययन गरिएको छ ।

प्रस्तुत शोधपत्र तयारीको क्रममा शोध प्रस्तावनाको रुपरेखा तयार गर्नेदेखि लिएर शोधपत्रको अन्तिम रुप प्रदान गरुञ्जेलसम्म आवश्यक निर्देशन, सल्लाह र सुझाव दिनुहुने शोध निर्देशक आदरणीय गुरु श्री गोपीकृष्ण भट्टराईज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसैगरी शोध कार्यलाई अगाडि बढाउनका लागि आवश्यक वातावरण मिलाई विभागीय स्वीकृति प्रदान गर्नुहुने विभागीय प्रमुख श्री आशा शर्मा शिवाकोटीज्यू र विभागका आदरणीय गुरुहरुप्रति कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

अध्ययनको क्रममा नमुना छनौटमा परेका विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि, अभिभावक, शिक्षक, विद्यार्थी कर्मचारीहरु जसले यस कार्यका लागि आफ्नो अमूल्य समय प्रदान गरी सूचना र तथ्याङ्क उपलब्ध गराई शोध पत्र तयार गर्न यथेष्ट सहयोग पुऱ्याउनु हुने सम्पूर्णमा हार्दिक कृतज्ञता प्रकट गर्न चाहन्छु । अन्त्यमा यस शोधपत्रको तयारीको क्रममा भाषिक शुद्धिकरणको टङ्कन गरी शोधपत्र तयारीमा अन्तिम रुप दिन आवश्यक सहयोग पुऱ्याउनु हुने वशिष्ठ कम्प्यूटर डिजाइनिङ्ग सेन्टरका दुर्गा लुइटेललाई विशेष धन्यवाद ज्ञापन गर्दछु ।

खेमनाथ ढुङ्गेल

# शोधसार

*बाल शिक्षा औपचारिक शिक्षा आर्जनको पहिलो चरण हो । त्यसको उचित व्यवस्थापनले बालबालिकाको सिकाइ र आधारशिला प्रभावकारी हुन्छ । त्यसैले* ***सामुदायिक विद्यालयमा सञ्चालित बालविकास केन्द्र व्यवस्थापन*** *शीर्षकमा तयार पारिएको यो शोधपत्रको मुख्य उद्देश्य प्रारम्भिक बालविकास केन्द्र व्यवस्थापनको वर्तमान अवस्था पत्ता लगाउनु, बालविकासका लागि निर्धारित गतिविधिको विश्लेषण गर्नु, प्रारम्भिक बालविकास केन्द्र व्यवस्थापन र सञ्चालनमा देखिएका समस्या र चुनौतिहरू पत्ता लगाउनुका साथै समस्या र चुनौतीको समाधानका उपायहरू खोज्नु रहेका छन् ।*

*यस अध्ययनको उद्देश्य पूरा गर्न अध्ययन विधि अन्तर्गत वर्णनात्मक, परिमाणात्मक र विश्लेषणात्मक खोज अनुसन्धानको ढाँचा प्रयोग गरिएको छ । अनुसन्धानात्मक साधनहरुको प्रयोगको सम्वन्धमा नमूना छनौटमा परेका विद्यालयका प्रधानाध्यापक, शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि र विद्यार्थीसँग प्रश्नावली, अन्तर्वार्ता, छलफल, भेटवार्ता र अन्तरक्रिया गरी विभिन्न प्रकारका संख्यात्मक तथ्याङ्क संकलन गरिएको छ । प्राथमिक र द्वितीय दुवै स्रोतबाट प्राप्त सूचना, जानकारी र तथ्याङ्कहरूको प्रयोग गरिएको छ । यसरी प्राप्त तथ्याङ्कलाई आवश्यता अनुसार तालिकीकरण, स्तम्भ चित्र, प्रतिशत र औषत आदिको प्रयोग गरी तथ्याङ्कहरुको व्याख्या र विश्लेषण यो शोधत्रपत्रमा गरिएको छ ।*

*तसर्थ उक्त अवस्थामा सुधार गर्न बालविकास कार्यक्रमको विकास र विस्तारमा व्यापक जोड दिनुपर्ने, बालविकास केन्द्रमा भौतिक पूर्वाधारको विकासमा स्थानीय तथा सरोकारवाला निकायलाई संलग्न गराउनु पर्ने, बालविकास केन्द्रमा सहयोगी कार्यकर्तालाई पारिश्रमिक र शैक्षिक सामग्री खरिद गर्न दिइने सरकारी अनुदान बढाउनु पर्ने आदि जस्ता नीतिगत व्यवस्थामा सुधार गर्नुपर्ने सुझाइएको छ । यसैगरी प्रारम्भिक बालविकास कार्यक्रमको व्यवस्थापनलाई सुदृढ गर्न केन्द्रको भौतिक व्यवस्थापनलाई मजबुद बनाउन सरोकारवाला सबैलाई समन्वय गराउनु पर्ने, उपलब्ध सिकाइ सामग्रीको हिफाजत तथा प्रयोग गर्नुपर्ने, बालबालिकाहरूलाई शारीरिक, संवेगात्मक, सामाजिक तथा मानसिक क्षमता अभिवृद्धि गराउने सबै क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने, ३ देखि ५ वर्ष उमेर समूहका विद्यार्थीहरूका अभिभावकलाई सम्मान गर्ने कार्यक्रम तर्जुमा गर्नुपर्ने, सहयोगी कार्यकर्ताको दक्षता बढाउन समय समयमा सेवाकालीन तथा पुर्नताजगी तालिम दिइनुपर्ने आदि जस्ता कार्यान्वियन तहका सुझावहरु दिइएको छ भने प्रारम्भिक बालविकास कार्यक्रमको भौतिक व्यवस्थापन सम्बन्धमा थप अध्ययन अनुसन्धान गरी यसलाई अझ परिस्कृत गर्नुपर्ने, प्रारम्भिक बालविकास कार्यक्रममा सरोकारवालाको भूमिका सम्बन्धमा थप अध्ययन अनुसन्धान गर्नुपर्ने आदि सुझावहरु दिइएको छ ।*

## विषयसूची


| क्र.सं. | पृष्ठ |
|---|---|
| **परिच्छेद एक : परिचय** | |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ४ |
| १.३ अध्ययनको औचित्य | ५ |
| १.४ अध्ययनको उद्देश्यहरू | ६ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरू | ७ |
| १.६ अध्ययनको परिसीमा | ७ |
| **परिच्छेद दुई : साहित्यको पुनरावलोकन** | |
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | ९ |
| २.२ अध्ययनको सैद्धान्तिक खाका | १३ |
| २.३ अध्ययनको उपादेयता | १६ |
| **परिच्छेद तीन : अध्ययन विधि** | |
| ३.१ अनुसन्धान ढाँचा | १८ |
| ३.२ जनसंख्या र नमूना | १९ |
| ३.२.१ जनसंख्या | १९ |
| ३.२.२ नमूना | १९ |
| ३.३ अनुसन्धानका साधनहरू | २० |
| ३.३.१ प्रश्नावली | २० |
| ३.३.२ अन्तर्वार्ता | २० |
| ३.३.३ सामुहिक छलफल | २० |
| ३.३.४. स्थलगत सर्वेक्षण र कक्षा कोठा अवलोकन | २१ |
| ३.४ तथ्याङ्कको श्रोत | २१ |
| ३.४.१ प्राथमिक स्रोत | २१ |

३.४.२ द्वितीय स्रोत २१
३.५ तथ्याङ्क संकलन प्रक्रिया २२
३.६ तथ्याङ्क विश्लेषण २२

**परिच्छेद चार : नतिजाको विश्लेषण**

४.१ प्रारम्भिक बालविकास केन्द्र व्यवस्थापनको वर्तमान अवस्था २३
४.१.१ प्रारम्भिक बालविकास केन्द्रको भौतिक अवस्था २३
४.१.२ केन्द्र कोठाको वातावरण २७
४.१.३ सिकाइ क्षेत्र व्यवस्थापनको अवस्था २९
४.२ बालविकास केन्द्रको लागि निर्धारित नीति र प्रयोगको अवस्था ३९
४.३ प्रारम्भिक बालविकास कार्यक्रममा देखा परेका समस्याहरू ४१

**परिच्छेद पाँच : निष्कर्ष र सुझाव**

५.१ निष्कर्ष ४५
५.२ सुझावहरू ४६
५.२.१ नीति निर्माण तह ४६
५.२.२ कार्यान्वयन तह ४७
५.२.३ अनुसन्धानका लागि ४८
**सन्दर्भ सामग्री**

**अनुसूची**

१. स्रोत व्यक्तिका लागि अर्न्तवार्ता प्रश्नावली

२. वालविकास केन्द्र व्यवस्थापन समितिका अध्यक्षका लागि प्रश्नावली

३. प्रधानाध्यापकका लागि अर्न्तवार्ता प्रश्नावली

४. सहयोगी कार्यकर्ताका लागि प्रश्नावली

५. विद्यार्थीका लागि अन्तर्वार्ता प्रश्नावली

६. कक्षा अवलोकन फारम

७. किताब कुनाहरू तथा सामग्री व्यवस्थापन अवलोकन फारम

८. केन्द्रको भौतिक व्यवस्थापन सम्बन्धी सर्वेक्षण फारम

# तालिका सूची


| क.सं. | | | पृष्ठ |
|---|---|---|---|
| तालिका १ | : | कक्षाकोठाको आकार | २४ |
| तालिका २ | : | किताब कुना तथा सामग्री व्यवस्थापन सम्बन्धी विवरण | २८ |
| तालिका ३ | : | सिकाइ सामग्री विवरण | ३० |
| तालिका ४ | : | बालविकास केन्द्रमा रहेका सिकाइ सामग्रीहरूको विवरण | ३१ |
| तालिका ५ | : | बालविकास केन्द्रको बसाई व्यवस्थापन | ३३ |
| तालिका ६ | : | सहयोगी कार्यकर्ताको अवस्था | ३४ |
| तालिका ७ | : | दैनिक समय तालिका प्रयोगको अवस्था | ३५ |
| तालिका ८ | : | अभिलेख व्यवस्थापन | ३७ |
| तालिका ९ | : | बालविकास केन्द्रका सरोकारवालाहरू | ३८ |

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव उत्पत्ति र विकाससँगै ज्ञान आदान प्रदान हुँदै यहाँसम्म आइपुगेको छ । ज्ञानको आदन प्रदान प्रक्रिया नै शिक्षा हो । शिक्षाले व्यक्तिमा अन्तर्निहित क्षमताको विकास गर्नका साथै समाज र देशको आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक लगायत विभिन्न पक्षको वृद्धि र विकास गर्दछ । यसले व्यक्तिलाई नयाँ ज्ञान, सीप, धारणाको माध्यमबाट नयाँ अवसर प्रदान गर्छ । व्यक्तिको व्यक्तित्व, आर्थिक, सामाजिक, विकासदेखि लिएर समग्र देशकै उन्नति गरी विश्वको अन्य मुलुकको दाँजोमा पुऱ्याउनको लागि शिक्षा प्रथम आवश्यकता हो । त्यसैले कुनै पनि मुलुकको विकासको आधारशिला वा मेरुदण्ड नै शिक्षा हो । सक्षम, उत्पादनशील, अनुसाशित, दक्ष, जिम्मेवार र असल नागरिक तयार पार्न शिक्षाको महत्वपूर्ण भूमिका रहन्छ । त्यसको लागि शिक्षा पनि समय सापेक्ष, गुणस्तरीय, व्यवहारोपयोगी र प्रभावकारी हुन आवश्यक छ । समयको परिवर्तनसँगसँगै शिक्षालाई समसामयिक, उपयोगी र समय सापेक्ष बनाउनको लागि यसको गुणस्तरियता वढाउनु पर्ने हुन्छ यसका लागि बालबालिकालाई सानै उमेरदेखि प्रभावकारी शिक्षण गरेर शिक्षण कार्यमा चुस्तता र प्रभावकारिता ल्याउन जरुरी हुन्छ ।

बालबालिकाहरू घर, परिवार अनि समाजबाट अनौपचारिक शिक्षा प्राप्त गर्दै विद्यालयमा प्रवेश गर्दछन् । बालबालिकाहरूको चौतर्फी विकासका लागि आवश्यक आधारभूत कुराहरू प्राप्त गर्ने घर पछिको दोस्रो ठाउँ विद्यालय हो । विद्यालयमा उनीहरूले पाठ्यपुस्तक, शिक्षकको व्यवहार, साथीभाइको संगत, विद्यालयको नीति-नियम तथा विद्यालयमा सञ्चालन गरिएका विभिन्न गतिविधि र क्रियाकलापहरूबाट सिक्ने मौका पाउँछन् । यदि विद्यालयको वातावरण भयमुक्त छ, दण्डरहीत शिक्षा प्राप्त गर्ने अवस्था छ, बालबालिकाहरू आफूलाई सुरक्षित महसुस गर्छन्, आफ्नो चाहना र क्षमताअनुसार सिकाइ क्रियाकलापहरूमा भाग लिन पाउँछन्, विद्यालय परिवार, शिक्षक, विद्यार्थी, व्यवस्थापक, कर्मचारी आदिबाट माया, सहयोग, हौसला र प्रोत्साहन पाउँछन् भने उनीहरू विद्यालयमा रमेर सिक्न सक्दछन् । यो सिकाइ वातावरण र शिक्षकले कक्षाकोठामा सञ्चालन गर्ने शिक्षण-सिकाइ क्रियाकलापले

प्रत्येक विद्यार्थीलाई लामो समयसम्म हाँसीखुसीका साथ विद्यालयमा सहज रूपमा विताउन सक्ने वातावरणको सिर्जना गर्नु पर्दछ ।

वर्तमान विद्यालय शिक्षाको संरचना अनुसार कक्षा एकबाट प्राथमिक शिक्षाको औपचारिक तह प्रारम्भ हुन्छ । प्राथमिक शिक्षाको शुरुवात गर्नु अगावै बालबालिकाहरूको शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक पक्ष लगायत सर्वाङ्गिण विकास गरी प्राथमिक शिक्षाको पूर्व तयारी गर्न प्रारम्भिक बालविकास शिक्षा वा पूर्व प्राथमिक शिक्षा दिइने परिपाटी हाल विद्यमान छ । शिशु स्याहार, शिशु शिक्षा, बाल शिक्षा, बाल विकास, नर्सरी, किन्डर गार्डेन, पूर्व प्राथमिक शिक्षा आदि विभिन्न नामबाट यस किसिमको शिक्षा प्रचलित छ ।

बालबालिकाको सामाजिक परिवेश बुझेर विविध शैक्षणिक क्रियाकलापहरूको माध्यमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपले सिकाइ क्रियाकलाप सञ्चालन गर्नु नै प्रारम्भिक बाल विकासको प्रमुख लक्ष्य हो । बाबालिकाले हालमा सिकेका कुरा नै भविष्यको सिकाइको जग हुने भएकाले यस तहका बालबालिकाहरूलाई “सिक्नका लागि सिक्ने” अभिप्रायले मनोरञ्जनात्मक तरिकाले सिकाउनु पर्दछ । खेल र वातावरणबाट प्राप्त अनुभवको माध्यमबाट बालबालिकाहरूमा अन्तरनिहित क्षमताको अभिवृद्धि गराइ उनीहरूलाई भविष्यमा असल जीवनयापन गर्न सक्षम तुल्याउनु पर्दछ । यसका लागि प्रारम्भिक बालविकास कार्यक्रमले निर्दिष्ट गरेका शैक्षिक लक्ष्यहरूमा बालबालिकाहरूलाई पुऱ्याउन, स्वस्थ रहन मद्दत गर्ने, सहयोगी, स्वाबलम्बी, स्वतन्त्र, इमान्दार र समाजमा मिलेर रहन अभिप्रेरित गर्ने, सिर्जनात्मक प्रतिघघभा प्रस्फुटन गराउन विभिन्न क्रियाकलापहरूमा संलग्न गराउने, भाषिक सचेतनाका लागि सुनाइ, बोलाइ, पढाइ, लेखाइ सीपप्रति अभिरुचि जगाउने, प्राथमिक तहको शिक्षाका लागि तयारी गर्ने उल्लेख गरिएको छ । (शिक्षा विभाग, २०६८) ।

नेपालमा गठित शिक्षा सम्बन्धी विभिन्न समिति, कार्यदल तथा आयोगले पूर्व प्राथमिक तथा प्रारम्भिक बाल शिक्षालाई परिभाषित गर्दै सञ्चालनको लागि सुझावहरू प्रस्तुत गर्दै आएका छन् । शिक्षा ऐन २०२८ ले पूर्व प्राथमिक शिक्षा भन्नाले प्राथमिक शिक्षा भन्दा पूर्व चार वर्ष उमेर पुगेका बालबालिकालाई एक वर्ष दिने शिक्षा सम्झनुपर्दछ भनी परिभाषित गरेको छ ।

संयुक्त राष्ट्र संघको मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्रमा सन् १९४८ मा शिक्षा पाउनु हरेक व्यक्तिको मानव अधिकार भनिएको छ। जसमा ५ वर्ष पूरा नहुन्जेलसम्मका बालबालिकालाई २ वर्ष दिइने शिक्षा भनी परिभाषित गरिएको छ। सन् १९८९ मा संयुक्त राष्ट्र संघको महासभाले बालबालिका महासन्धि १९८९ पारित गऱ्यो जसले शिक्षा पाउनु बालबालिकाको जन्मसिद्ध अधिकार मानेको छ (सबैका लागि शिक्षा, सहयोगी पुस्तिका, २०६३)।

बालबालिकालाई शिक्षाको उज्यालोमा सानै उमेरदेखि दिए मात्र उनीहरूको भाावी जीवन उज्ज्वल हुन्छ र राष्ट्रको विकासमा बलियो टेवा मिल्न सक्छ भन्ने कुरा बुझ्नु पर्दछ। सोही अनुरुप नै राष्ट्रले बाल विकासको योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ। सन् २००० मा डकार सम्मेलनबाट स्वीकृत कार्यक्रम अनुसार सबैका लागि शिक्षाका लक्ष्य प्राप्तिका लागि नेपालले सबैका लागि शिक्षाका लक्ष्य प्राप्त गर्न नेपाल सरकार प्रतिबद्ध छ। यो लक्ष्य प्राप्त गर्न आगामी १५ वर्षका निम्ति शैक्षिक विकासलाई मार्गदर्शन गर्न नेपाल सरकारले सबैका लागि शिक्षा र राष्ट्रिय कार्ययोजना सन् २००१-२०१४ र सबैका लागि शिक्षा २००४-२००९ कार्यक्रम मार्फत सघन प्रारम्भिक बाल स्याहार तथा शिक्षाको विस्तारमा जोड दिदै वाल विकास, वाल, व्यवस्थापन र वाल शिक्षालाई अझ व्यवस्थित गर्ने नीति र कार्यक्रमहरू लिएको छ। यो नीति अनुरूप नै सन् २००९ देखी हालसम्म साक्षरता सम्बन्धी कार्यक्रम चल्दै आएको छ। सन् २०२० सम्ममा पूर्ण साक्षर बनाउन विभिन्न कार्यक्रमहरू सञ्चालन भएका छन्। (विद्यालय क्षेत्र विकास कार्यक्रम २०१६)

नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय शिक्षा विभागले प्रारम्भिक बालविकास शाखाले ३ र ४ वर्ष उमेर समुहका सम्पूर्ण बालबालिकाका लागि विद्यालय तथा बालविकास केन्द्रका लागि प्रकाशित गरेको प्रारम्भिक बालविकास दिग्दर्शनमा प्रारम्भिक बालविकास कक्षाहरूको व्यवस्थापन, बालविकास पाठ्यक्रम तथा सञ्चालन गर्न क्रियाकलापहरू बारे उल्लेख गरिएको छ। साथै बालबालिकाको सामाजिक परिवेशलाई ध्यान दिई विविध माध्यमबाट सिकाइ क्रियाकलाप सञ्चालन गर्नु नै बालशिक्ष पाठ्यक्रमले मुख्य लक्ष्य राखेको छ।

दिग्दर्शनले प्रारम्भिक बालबालिकाको सिकाइमा एकरुपता र निरन्तरता दिन आवश्यक दिशा निर्देश गरेको छ । बालबालिकाको पारिवारिक, सामाजिक, भौगोलिक मानवीय र प्राकृतिक परिवेश जस्ता सेरोफेरोको वातावरणलाई उपयुक्त शिक्षण सिकाइका रुपमा प्रयोग गर्न सक्षम बनाउने गरी पाठ्यक्रमको विकास गरिएको छ । साथै शिक्षण सिकाइ क्रियाकलापमा विभिन्न खेल विधि र मनोरञ्जनपूर्ण तरिकाबाट बालबालिका भित्र रहेको अन्तरनिहित प्रतिभालाई प्रष्फुटन गर्न जोड दिएको छ ।

नेपालको वाल शिक्षाको विकास र व्यवस्थापन तथा यसको कार्यान्वयन पक्षलाई हेर्दा सन् २०१५ सम्ममा कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये प्रारम्भिक बालविकासको अनुभव भएका बालबालिकाको प्रतिशत ८० पुऱ्याउने लक्ष्य पूरा गर्नका लागि विभिन्न संघ संस्थाहरूले अग्रणी भूमिका खेलेका छन् । यस्ता संस्थाहरूमा युनिसेफ, सेभ द चिल्ड्रेन नर्वे, प्लान इन्टरनेशनल, वर्ल्ड भिजन, सेतो गुराँस, नेपाल बाल सुरक्षा संघ आदि गैर सरकारी संस्था हुन भने नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा विभाग, शिशु शिक्षा शाखा, त्रि.वि. सेरिड आदिले पनि प्रारम्भिक बालविकास कार्यक्रम सम्बन्धी विभिन्न तालिम, सेमिनार, खोज तथा अनुसन्धान, पाठ्यक्रम विकास जस्ता कार्यक्रम सञ्चालन र परीक्षण गर्दै आइरहेका छन् ।

## १.२ समस्याको कथन

शिक्षा प्राप्त गर्नु बालबालिकाको नैसर्गिक अधिकार हो भन्ने कुरा विश्वव्यापी रूपमा विकास भएको अवधारणा हो । यही कुरालाई अध्ययन गरी बालबालिकाको सर्वाङ्गिण विकास गर्ने अभिप्रायले नेपालमा सरकारी तथा गैरसरकारी स्तरबाट व्यापक रुपमा प्रारम्भिक बालविकास सम्बन्धी कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । सबैका लागि शिक्षा कार्य योजना सन् २००१-२०१५ अनुसार २०१५ सम्ममा सहजै देखिने भर्नादर ८०% बालविकास केन्द्रबाट ७४हजार पुऱ्याउने लक्ष्य रहेको थियो (न्यौपाने, २०६३) । यो लक्ष्य पूरा हुन आंशिक मात्र सकेकाले पुनः नेपाल सरकार शिक्षा मन्त्रालयले विद्यालय विकास कार्यक्रम अन्तर्गत बाल शिक्षा कार्यक्रमलाई लिइएर विद्यालयमा अनिवार्य गरी लक्ष्य पूरा गर्ने र सन् २०२० सम्ममा सत् प्रतिशत बालबालिकालाई प्राथमिक शिक्षा दिने लक्ष्य रहेको छ ।

बालविकास केन्द्र व्यवस्थापन राम्रो भएमा मात्र शिक्षाले राखेका लक्ष्यित उद्देश्यहरू परिपूर्ति गर्न सजिलो हुने हुनाले सामुदायिक विद्यालयको बालविकासकेन्द्रको व्यवस्थापनमा देखिएका समस्याहरूको समाधानका उपाय खोज्ने उद्देश्यले "सामुदायिक विद्यालयको बालविकास केन्द्रको व्यवस्थापनलाई समस्याको कथनको रूपमा लिएको हो ।

नेपालको औपचारिक शिक्षा कक्षा १ बाट शुरु हुने गरेको भए तापनि उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ ले कक्षा एकमा ५ वर्ष पूरा भएका बालबालिका मात्र प्रवेश पाउन भएकाले सो भन्दा पूर्व नै बालबालिकाको शारीरिक मानसिक विकास अनुसार कक्षा एकमा प्रवेश गर्न योग्य बनाउन बालबालिकाको शैक्षिक विकासका लागि वाल विकास शिक्षा कार्यक्रम विद्यालय र समुदाय दुवै तर्फ सञ्चलनमा ल्याउने नेपाल सरकारको नीतिमा विद्यालयमा सञ्चालित वालविकास कार्यक्रमहरू विद्यालयका औपचारिक कक्षाहरू झै व्यवस्थित रहेको पाइदैन भने सो कार्यक्रममा सहभागी सहयोगी कार्यकर्ताहरूलाई पनि न्यूनतम वेतनमा कार्यमा लगाइएको पाइन्छ । बालबालिकाहरूको वसाइ व्यवस्थापन, शिक्षक सहयोगी व्यवस्थापन, खाजा व्यवस्थापन, समय व्यवस्थापन, सन्तुलित र व्यवस्थित हुनु पर्नेमा सो पाइदैन । यसको व्यवस्थापन नभएसम्म वालविकास कार्यक्रमको उद्देश्य पूरा हुन नसक्ने भएकाले हाम्रा सामुदायिक विद्यालय वाल विकास केन्द्रको व्यवस्थापन के कसरी भएको छ र के कस्तो सुधारको आवश्यक छ भन्ने कुरा विस्तृत अध्ययन गर्ने र प्रतिवेदन स्वरुप शोधपत्र तयार गर्ने अभिप्रायले "सामुदायिक विद्यालयमा बालविकास केन्द्र व्यवस्थापन विषय लिएर अध्ययन गरिएको हो ।"

## १.३ अध्ययनको औचित्य

शिक्षा सम्पूर्ण विकासको पूर्वाधार हो भने पूर्व प्राथमिक शिक्षा तथा प्रारम्भिक बालविकास शिक्षा प्राथमिक शिक्षाको आधार हो । यस सन्दर्भमा प्रारम्भिक बाल शिक्षा बालबालिकाको चौतर्फी विकासको लागि अपरिहार्य छ । बालविकास केन्द्रमा खेल विधि, गीत, मनोरञ्जन आदिको माध्यमबाट बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक पक्षको विकास गर्ने प्रयत्न गरिन्छ । यसैगरी बालबालिकालाई सजावट पूर्ण कक्षाकोठा राम्रो बस्ने व्यवस्था, प्रशस्त हावा/प्रकाश छिर्ने विद्यार्थी साइज अनुसारको कक्षा कोठा, अनुभव प्राप्त स.का.,

खेलमैदान, खेलसामग्री, अभिलेख व्यवस्थापन, खाजाको व्यवस्था अपरिहार्य तत्व भएकोले केन्द्र व्यवस्थापनसँग सम्बन्धित तत्व र समस्याहरू विश्लेषण गरेर भावी दिनमा सरोकारवालालाई ठोस कार्यदिशा निर्देशित गर्न सहयोग पुऱ्याउने हुनाले केन्द्र व्यवस्थापनलाई शीर्षकको रुपमा छनौट गरिएको हो । वास्तवमा शैक्षिक विकास र असल जनशक्ति निर्माणका लागि बालबालिकालाई प्रारम्भमा नै उनीहरूको मानसिक शारीरिक विकासकै आधारमा स्वस्थ मस्तिष्कमा सही शिक्षाको विजारोपण गर्नका लागि सरकारले लिएको नीति सही ढंगले कार्यान्वयन गर्ने सन्दर्भमा प्रथम खुड्किला नै बालविकास शिक्षा भएकाले सो सम्बन्धी सही व्यवस्थापन आवश्यक छ । नेपालमा सो शिक्षा प्रदान गर्नका लागि विद्यालयमा भएको शैक्षिक तथा भौतिक व्यवस्थापनको स्थिति र त्यहाँ देखिएका कमी कमजोरी हटाई अझ चुस्त व्यवस्थापन गरी बाल कार्यक्रमलाई सुदृढ गर्नका लागि एक समस्या र चुनौति रहेको हुँदा यसमा आएका समस्याको निराकरणमा सुझाव दिन आवश्यक रहेकाले यस अध्ययनमा सामुदायिक विद्यालयमा बालविकास कक्षा व्यवस्थापनलाई समस्याको रूपमा अध्ययन गरिएको हो ।

अध्ययन गरिएका बालविकास केन्द्रको आर्थिक, शैक्षिक तथा भौतिक पक्षको लेखाजोखा समेत गरिने भएकोले यस अध्ययनबाट निस्केको निष्कर्षले शिक्षाको नीति निर्माणकर्ता, शैक्षिक योजनाकार, शिक्षा प्रशासक, पाठ्यक्रम निर्माता, शिक्षक, अभिभावक तथा सम्बन्धित सबै निकायलाई सहयोग पुग्ने आशा नै यो शीर्षक अध्ययनको औचित्यको रूपमा लिएको छ ।

## १.४ अध्ययनको उद्देश्यहरू

बालविकास केन्द्र व्यवस्थापन पक्षको अध्ययन गर्न निम्नानुसार उदेश्यहरू राखिएको छ :-

(क) सामुदायिक विद्यालयमा सञ्चालित बालविकास केन्द्र व्यवस्थापनको वर्तमान अवस्था पत्ता लगाउनु,

(ख) वालविकास केन्द्रको लागि निर्धारित विद्यालयमा अपनाएका नीति अनुसार कार्यान्वयनको विश्लेषण गर्नु,

(ग) विद्यालयमा सञ्चालित बालविकास केन्द्र व्यवस्थापन र सञ्चालनमा देखिएका समस्याहरूको औपचारिक रूपमा लेखाजोखा गर्नु,

(घ) सामुदायिक विद्यालयमा सञ्चालित बालविकास केन्द्रको व्यवस्थापन तथा सञ्चालनमा देखिएका समस्याको समाधानका उपायहरू खोज्नु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गरेका केन्द्रहरूमा स्थलगत रुपमा अवलोकन गरी यस अनुसन्धानमा निम्न प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको छ :-

(क) सामुदायिक विद्यालयमा प्रारम्भिक बालविकास केन्द्रको कक्षा कोठाको भौतिक वातावरण व्यवस्थापन कस्तो छ ?

(ख) प्रारम्भिक बालविकास केन्द्रको कोठाको वातावरण र भित्ता सजावट कस्तो छ ?

(ग) कक्षा कोठामा के कस्ता शैक्षिक सामग्रीहरू छन् ?

(घ) केन्द्रको दैनिक कक्षा सञ्चालन र व्यवस्थापन कस्तो छ ?

(ङ) सिकाइ क्षेत्रको व्यवस्थापन पक्ष कस्तो छ ?

(च) प्रारम्भिक बालविकास केन्द्रको शैक्षिक तथा अभिलेख व्यवस्थापन सम्बन्धी के कस्ता कार्यहरू भएका छन् ?

(छ) बालविकास केन्द्र व्यवस्थापनमा कुन-कुन संस्थाहरूले के-कस्तो सहयोग गरेका छन् ?

(ज) सहयोगी कार्यकर्ताको भूमिका कस्तो रहन्छ ?

(झ) बालविकास कक्षा व्यवस्थापनका चुनौतिहरू के-के छन् ?

(ञ) बाल विकास केन्द्र व्यवस्थापनमा प्रभावकारिता ल्याउन सुधार गर्नु पर्ने पक्षहरू के-के हुन् ?

## १.६ अध्ययनको परिसीमा

नेपालको बालविकास केन्द्रको व्यवस्थापनमा देखिएका कमी कमजोरी हटाई प्रभावकारी कार्यान्वयन गर्नका लागि यसको अध्ययन अनुसन्धान गर्न आवश्यक छ । विभिन्न सरकारी

गैर सरकारी क्षेत्र तथा स्थानीय संघ संस्था मार्फत बालविकास कार्यक्रम देशभरी सञ्चालन भैरहेका छन् । यस्तो अवस्थामा देशमा सबै ठाउँमा गएर कार्यक्रमको अध्ययन गर्न साधन र स्रोतले नभ्याउने भएकोले नेपालको पूर्वी जिल्ला झापा जिल्ला अन्तर्गतका जिल्ला शिक्षा कार्यालयको अभिलेख अनुसार ७०५ बालविकास केन्द्र मध्ये अनारमनी स्रोतकेन्द्रका पाँचवटा बालविकास केन्द्रमा यो अध्ययन सीमित रहने छ । शैक्षिक सत्र २०७३ को वार्षिक परीक्षा अगाडिसम्मको बालविकास केन्द्रको गतिविधिलाई मात्र यस अध्ययनले समेटेको छ । उक्त केन्द्रको व्यवस्थापन पक्षसँग सम्बन्धित केन्द्रको भौतिक वातावरण, सिकाइ क्षेत्र, कोठाको वातावरण, सञ्चालन, आर्थिक, प्रशासनिक र अभिलेख व्यवस्थापन जस्ता पक्षको वर्तमान अवस्था पहिचान, बाल विकास केन्द्र व्यवस्थापनका समस्या र चुनौति तथा यस्ता समस्या समाधानका उपायको खोजीका लागि यो अध्ययन गरिएको छ ।

# परिच्छेद दुई : साहित्यको पुनरावलोकन

प्रारम्भिक बालविकास शिक्षा विद्यालयकै एउटा आधारभूत अङ्ग हो । यो बालविकास शिक्षापछि प्रदान गरिने शिक्षाका लागि यो शिक्षाले जीवनोपयोगी सीपको विकासमा टेवा पुऱ्याउँछ । तसर्थ सबैका लागि शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउने हेतुले नेपाल सरकारले तयार पारेको पहिलो कार्यक्रम प्रारम्भिक बाल विकास कार्यक्रम हो । यस कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाउनका लागि विभिन्न अध्ययन अनुसन्धानहरु गरिएका छन् । बाल विकास केन्द्रको व्यवस्थापनलाई मुख्य विषय वस्तु बनाई तयार पार्न लागिएको अनुसन्धानमूलक कार्यलाई उद्देश्यपूर्ण र तार्किक बनाउन निम्नानुसारका सम्बन्धित साहित्यको पुनरावलोकन गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

गौतम (२०६३) का अनुसार प्रारम्भिक बालशिक्षा कार्यक्रमले बालबालिकाहरूको सिकाइमा पारेको प्रभाव नाम सोध पत्रमा नवलपरासी जिल्लाका पाँच ओटा बालविकास केन्द्रका २५ जना बालबालिकालाई नमूना जनसंख्याका रुपमा छनौट गर्नु भएको छ । बालशिक्षाले बालबालिकाको सिकाइमा पारेको प्रभावको विश्लेषणलाई मुख्य उद्देश्य बनाइएको उक्त सोधमा कक्षा अवलोकन, परीक्षा नतिजा विश्लेषण र अन्तर्वाता जस्ता साधनको समेत प्रयोग गरिएको छ । तथ्याङ्कको गुणात्मक र संख्यात्मक प्रस्तुतीको आधारमा प्रारम्भिक बालबालिकाको औसत प्राप्ताङ्क अप्राप्त बालबालिकाको औसत प्राप्ताङ्क भन्दा उच्च रहेको, अवसर प्राप्त बालबालिकाको उर्त्तीर्ण दर अप्राप्त बालबालिकाको भन्दा उच्च रहेको, अवसर प्राप्त बालबालिकाको व्यक्तिगत सरसफाइ सीप अप्राप्तको तुलनामा उच्च रहेको जस्ता महत्वपूर्ण निष्कर्षहरू निकालिएको छ ।

उक्त शोध पत्रमा बाल शिक्षाले बालबालिकाको सिकाइमा पारेको प्रभावको विश्लेषणलाई मुख्य उद्देश्य बनाइएको भए तापनि प्रारम्भिक बालविकास केन्द्रको व्यवस्थापन सम्बन्धमा विश्लेषण नगरिएको पाइएकोले यस अध्ययनमा प्रारम्भिक बालविकास केन्द्र व्यवस्थापनका पक्षमा विश्लेषण गरिएको छ ।

न्यौपाने (२०६३) का अनुसार पूर्व प्राथमिक पाठ्यक्रम कार्यान्वयनको अवस्था एक अध्ययन नामक शोधपत्रमा पूर्व प्राथमिक तहको पाठ्यक्रमको कार्यान्वयनको अवस्था लेखा जोखा गरी पाठ्यक्रम कार्यान्वयनका समस्याहरू पहिल्याइएको थियो । अध्ययनको निष्कर्षको रूपमा मुख्यतया प्रारम्भिक बालविकास पाठ्यक्रमको कार्यान्वय पक्षसँग बढी केन्द्रित रहेको पाइयो साथै शोधपत्रमा पाठ्यक्रम कार्यान्वयनका लागि भौतिक पक्षको आवश्यकता बारेमा कुनै पनि कुराको उल्लेख नभएकाले यस अध्ययनमा बालविकास कार्यक्रममा भौतिक पक्षको अवस्थाका बारेमा अध्ययन गरिएको छ ।

पौड्याल (२०६६) का अनुसार प्रारम्भिक बालविकास कार्यक्रमको प्रभावकारिता शीर्षकमा झापा जिल्लाको शनिश्चरे स्रोतकेन्द्र अन्तर्गत एकीकृत रुपमा बालविकास कार्यक्रम सञ्चालनमा रहेका ६ वटा विद्यालयलाई नमूनाको रुपमा लिइ छलफल अवलोकन अन्तर्वाता जस्ता साधनको माध्यमबाट संकलन गरिएका तथ्याङ्कको आधारमा तयार पारेको शोधपत्रको मुख्य उद्देश्य प्रारम्भिक बाल शिक्षाले बालबालिकाको विद्यालय नियमिततामा पारेको प्रभावको विश्लेषण गर्नु रहेको थियो । उक्त शोधपत्रका अनुसार प्रारम्भिक बालविकास कार्यक्रमले बालबालिकाहरूमा विद्यालय जाने बानीको विकास गराउनुका साथै उनीहरूको शैक्षिक, मानसिक र सामाजिक विकासमा उल्लेख्य सहयोग पुऱ्याएको देखिन्छ । यस कार्यक्रमले अभिभावक, बालबालिका, प्रधानाध्यापक, शिक्षक, सहयोगी कार्यकर्ता तथा सम्पूर्ण समुदायकै मन जित्न सकेको देखिए तापनि सहयोगी कार्यकर्ताको संख्या कम भएको, सहयोगी कार्यकर्ताका लागि दिइने तालिम प्रर्याप्त नभएको तथा सहयोगी कार्यकर्तालाई दिइने पारिश्रमिक र शैक्षिक सामग्री खरिद गर्न दिइने सरकारी अनुदान प्रर्याप्त नभएको निष्कर्ष उक्त शोधमा निकालिएको पाइयो ।

उक्त शोधपत्रमा बालविकास केन्द्रहरूको अवस्था र बालबालिकाको सिकाइ क्रियाकलापको चर्चा गरिएको भए तापनि बालविकास केन्द्र व्यवस्थापनमा आर्थिक, शैक्षिक तथा भौतिक पक्षको बारेमा उल्लेख नभएकोले प्रस्तुत शोधपत्रमा बालविकास केन्द्र व्यवस्थापनमा आर्थिक, शैक्षिक तथा भौतिक पक्षको लेखाजोखा गरिएको छ ।

सुनुवार (२०६६) का अनुसार समुदाय र विद्यालयमा आधारित बालविकास केन्द्रको

कक्षाकोठा व्यवस्थापन शीर्षकमा झापा जिल्लाको सतासीधाम गाउँविकास समितिको प्रारम्भिक बालविकास केन्द्रहरू मध्ये ५ ओटा समुदायमा आधारित र ५ ओटा विद्यालयमा आधारित बालविकास केन्द्रहरू उद्देश्यपूर्ण छनौट विधिको आधारमा छनौट गरिएको पाइयो । खुला प्रश्नावली अन्तर्वाता सूची, स्थलगत सर्वेक्षण फारम तथा कक्षा अवलोकन फारम जस्ता साधनहरूको प्रयोग गरी विद्यालय र समुदायमा आधारित बाल विकास केन्द्रको कक्षाकोठामा उपलब्ध सिकाइ सामग्रीहरूको पहिचान तथा कक्षाकोठा व्यवस्थापनसँग सम्बन्धित तत्वहरूको विश्लेषण गर्ने उद्देश्यले उक्त शोधपत्र तयार गरिएको पाइयो ।

प्राथमिक तथा द्वितीय स्रोतहरूबाट प्राप्त जानकारी तथा तथ्यहरूलाई प्रतिक्रियाको प्रकृति हेरी गुणात्मक र वर्णनात्मक रुपले तुलना गरिएको उक्त शोधमा फ्रोबेलको किन्डर गार्डन विधि र मन्टेश्वरी शिक्षा पद्धतिको प्रयोग गरेको पाइयो । कक्षा कोठा सजावट, भित्ता रङरोगन, भौतिक संरचना, झ्याल ढोका, फर्निचर, कक्षाकोठा साइज समुदायमा भन्दा विद्यालयमा आधारित बालविकास केन्द्रमा राम्रा रहेको भए तापनि भौतिक संरचना र सामग्रीको अवस्था कमजोर हुनु, सहयोगी कार्यकर्ताको पारिश्रमिक कम हुनु, पुर्नताजगी तालिमको अभाव हुनु यहाँका मुख्य समस्यालाई निष्कर्षको रुपमा लिई बालविकास केन्द्रहरूको सम्बद्ध निकायहरूबाट अनुगमन र सुपरिवेक्षण गरिनुका साथै अभिभावक शिक्षाको विस्तार गरिनुपर्ने कुरालाई उक्त शोधपत्रमा सुझावको रुपमा प्रस्तुत गरिएको पाइयो ।

सेरिड (२०६१) का अनुसार “प्रारम्भिक बालविकास कार्यक्रमको प्रभावकारी सञ्चालन र दिगो विकासको द्रुत विस्तारका लागि रणनीतिका विषयमा अध्ययन गरेको पाइयो । विभिन्न संघ संस्थाहरूले पनि बालविकास कार्यक्रमहरू सञ्चालन गरिरहेता पनि उक्त सबै संघसंस्थाहरूद्वारा सञ्चालित बालविकास केन्द्रहरूमा आफ्नै पाठ्यक्रम नभएकाले सहयोगी कार्यकर्ताहरूले निर्देशिकाको आधारमा आफ्ना सामग्री र क्रियाकलापहरू सञ्चालन गर्दै आएको तथ्यलाई प्रष्ट पारिएको छ । यसै गरी शिक्षा विभागले तयार गरेको पाठ्यक्रम विभिन्न गैरसरकारी संस्था तथा शिक्षा विभागद्वारा सञ्चालन भइरहेका सबै बालविकास केन्द्रहरूमा लागू गर्नुपर्ने, बालविकास केन्द्रहरूलाई आर्थिक रुपमा मजबुत बनाउनु पर्ने, सहयोगी कार्यकर्ताको बालविकास केन्द्रमा ठुलो योगदान रहेको हुँदा उनीहरूका लागि

पुर्नताजगी तालिम तथा उचित तलबको व्यवस्था गर्नुपर्ने, सम्पूर्ण निकायले यस केन्द्रका लागि विशेष पहल गर्नुपर्ने कुरालाई मुख्य सुझावको रुपमा उल्लेख गरेको पाइयो ।

गौतम (२०७०) का अनुसार बालविकास केन्द्रको व्यवस्थापनमा सरोकारवालाहरूको सहभागिता र परिचालन के, किन र कसरी ? भन्ने शीर्षकमा अध्ययन गरेको पाइयो । बालविकास कार्यक्रममा सरोकारवालाहरूको भूमिका पत्ता लगाइ सम्बन्धित निकायलाई सुझाव प्रस्तुत गर्ने उद्देश्यले तयार पारिएको उक्त लेखमा बालविकास केन्द्रहरूको क्षमता, गुणस्तर र प्रभावकारीता वृद्धि गर्न अभिभावक, सहयोगी कार्यकर्ता, स्थानीय बुद्धिजीवी, व्यवस्थापन समिति, गैरसरकारी, स्थानीय तथा सरकारी संयन्त्रको एकिकृत प्रयास हुनुपर्ने कुरामा जोड दिएको निष्कर्ष छ ।

त्यसैगरी बालबालिकाको सामाजिक सीप तथा संवेगात्मक निपूर्णताको महत्व पहिचान नगरी कोरा किताबी ज्ञानलाई जोड दिने, विकासात्मक लक्ष्य भन्दा शैक्षिक कठोरतालाई जोड दिने परिपाटीको अन्त्य गरी बालविकास केन्द्रको कक्षा मनोरञ्जनात्मक र बालमैत्री बनाउन प्रर्याप्त आराम, खेल, गीत, नाँच, अभिनय र खाजा आदिको व्यवस्था गरी अन्य जीवनोपयोगी सीपका क्रियाकलाप सञ्चालन गर्नुपर्ने सुझाव पेश गरिएको पाइयो ।

लिभरेज (२०६५) ले 'के गरौ के नगरौ' शीर्षक उल्लेख गरी कक्षाकोठा व्यवस्थापन सम्बन्धी विभिन्न २० बुँदाहरूमा भनाइहरू राख्नु भएको छ । उक्त भनाइहरू मध्ये कक्षा कोठामा राम्रो वातावरण सिर्जना गरी उपर्युक्त विधिहरूको समय र परिवेश अनुकूल छनोट गरी बालमनोविज्ञानलाई ध्यानमा राखी शिक्षकले पढाउनु पर्दछ साथै बालबालिकाको सिकाइ आफ्नै ढाँचाको हुने हुँदा मनोरञ्जनात्मक र खेलयुक्त क्रियाकलापले बालबालिकालाई सिक्न सहयोग पुग्दछ तसर्थ मनोरञ्जपूर्ण र खेलकुद क्रियाकलाप अन्तर्गत स्वतन्त्र खेल, छलफल, सिर्जनात्मक खेल, शारीरिक खेल, निर्देशित खेल जस्ता क्रियाकलापहरू गराउनु पर्दछ भन्ने मुख्य सुझाव यो लेखबाट पाउन सकिन्छ ।

कोइराला (२०६२) का अनुसार बालबालिकाको सर्वाङ्गिण विकासका लागि समेटिएका विभिन्न कार्यक्रमहरूलाई विभिन्न देशहरूले प्रारम्भिक बालविकास कार्यक्रम अन्तर्गत आ-आफ्नै बुझाई अनुसार अघि सारको पाइन्छ । यो शैली हाम्रो देशमा पनि विद्यमान छ ।

बालबालिकाहरूलाई प्राथमिक कक्षाका लागि तयार पार्ने उद्देश्यले शिक्षा क्षेत्रले यस कार्यक्रमलाई बढि जोड दिने गर्दछ तर बाल शिक्षा पनि प्रारम्भिक बालविकास कै पाटो भएकाले शिक्षालाई बढि मात्रामा बालबालिकाहरूलाई बोझहरू जस्तै गृहकार्य प्रचुर दिने, विषयहरूको ज्ञानलाई बढि जोड दिने, किताबहरूको भारी बढि गराउने र औपचारिक बन्धनमा राखेर सिक्न बाध्य तुल्याउन गलत कार्य समेत भइरहेको विद्यमान अवस्थामा बाल विकास केन्द्रको व्यवस्थापन प्रक्रियामा अनिवार्य रूपमा बालबालिकाको स्वास्थ्य (पौष्टिक खाना, सुरक्षा, सरसफाई र स्वास्थ्य सेवा) बालबालिका संलग्न हुने वातावरण (संलग्नता, सहभागिता, उत्प्रेरित सुरक्षा) शिक्षा ग्रहण गर्न उत्प्रेरित गर्ने आवश्यक सहयोग (खेल, कथा, चित्र, कविता) जस्ता बालकेन्द्रित क्रियाकलापहरू आवश्यक पर्ने कुरामा जोड दिएको पाइन्छ ।

समग्रमा नेपालको सामुदायिक विद्यालयमा बालविकासको व्यवस्थापन र उपलब्धि विषयमा अध्ययन गर्दा यस शीर्षकसँग मिल्दाजुल्दा विषयवस्तुलाई लिएर गरिएका विगतका पत्रपत्रिका जर्नल शोधपत्र आधिकारिक पत्रहरूको अध्ययनबाट के स्पष्ट हुन्छ भने बालबालिकाको पहिलो पाठशालाको रूपमा रहने घरकै वातावरण विकासमा आधारित भई स्थापना, सञ्चालन र व्यवस्थापन गरिएका बाल विकास केन्द्रहरूको अवस्था र त्यहाँको उपलब्धिको लेखाजोखा र विश्लेषणका गरी थप व्यवस्थापनमा टेवा पुऱ्याउने नयाँ उपायहरूको खोजी गर्नु आवश्यक देखिएकाले यस कुरालाई मध्यनजर गरी यस शीर्षकमा अध्ययन गर्न लागिएको हो ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

नेपालको सन्दर्भमा ३ वर्ष पूरा भई ५ वर्ष ननाघेका बालबालिकालाई बाल विकास केन्द्रमा शिक्षा दिने गरिन्छ । प्रारम्भिक बाल्यावस्था अत्यन्तै जिज्ञासु र नक्कल गर्ने उमेर हो । यस अवस्थाका बालबालिकाहरूलाई खुला वातावरणमा मनोरञ्जनात्मक तवरले सिक्ने अवसर प्रदान गर्न सके सिकाइ दिगो र अर्थपूर्ण हुन्छ । त्यसैले यस अध्ययनमा फ्रेडरिक अगष्ट फ्रोवेलको किण्डर गार्टन विधि र मन्टेश्वेरीको बालगृह शिक्षा पद्दत्तिलाई सैद्धान्तिक खाकाको रुपमा प्रयोग गरिएको छ ।

जर्मनी शिक्षाविद् फ्रोबेलका अनुसार बालबालिकाहरू बगैंचामा फुल्ने सुन्दर फुलहरू हुन जसलाई मलजल गर्ने काम (माली) शिक्षकले गर्दछ । फ्रोबेलको यो अवधारणा किन्डर गार्डेन विधि अन्तर्गत पर्ने भएकोले यो खेल विधिमा आधारित छ । उनको शिक्षण पद्धति बाल केन्द्रित छ, दण्डको व्यवस्था छैन । जस अन्तर्गत बालबालिकालाई पारिवारिक वातावरणमा खेल विधिको माध्यमबाट शिक्षा आर्जन गर्ने अवसर प्रदान गरिन्छ । यसै गरी यो पद्धति गरेर सिक्ने सिद्धान्तमा आधारित भएकोले फ्रोबेलका अनुसार आत्मक्रियात्मक मार्फत बालबालिकाहरुको अन्तर्निहित जन्मजात गुणहरूको प्रस्फुटन गराउनुपर्दछ । प्रारम्भिक बालविकास केन्द्रमा पनि बाल बगैंचा, बालुवा, ढुङ्गा, चाकाचुली आदिको व्यवस्था हुने र खेल विधिलाई प्रमुख शिक्षण बिधि बनाइने भएकाले यस अध्ययनको क्रममा फ्रोबेलको बाल बगैंचा विधिलाई अध्ययनको आधार बनाइएको छ ।


उनका अनुसार बालबालिकाहरूलाई खेलद्वारा सिकाइको वातावरण बनाउनका लागि गीत हाउभाउ/भूमिका अभिनय र रचनात्मक कार्यहरू प्रयोग गरी बालबालिकालाई सिकाउन सकिन्छ भन्ने धारणाका साथ किन्डर गार्टेन पद्धतिमा विद्यार्थी केन्द्रित शिक्षण विधि, खेलको महत्वपूर्ण भूमिका, स्वतन्त्र वातावरण, शैक्षिक सामग्रीको प्रर्याप्तता र शारीरिक व्यायाम र एकताको नियम मार्फत बालबालिकाको सिकाइ कार्यलाई जोड दिनु पर्ने मान्यता फ्रोबेलको छ । त्यसरी नै शिक्षाको पाठ्यक्रममा प्रकृतिलाई बढि जोड दिनु पर्ने, शिक्षामा प्राकृतिक विज्ञान, गणित, भाषा, कला, धर्म, सौन्दर्य र नैतिक शिक्षालाई समावेश गर्नु पर्ने कुरामा फ्रोबेलको जोड छ । शिशु गीत तथा मातृ खेलले बच्चालाई मानसिक र नैतिक कुरा प्रदान गर्छ भन्ने उनको सिद्धान्त हो ।

इटालीमा जन्म भई रोम विश्वविद्यालयबाट विद्यावारिधि प्राप्त गर्ने पहिलो महिला डा. मेरिया मन्टेश्वरीका अनुसार शिक्षा पद्धति, व्यक्तित्व विकासको सिद्धान्त, स्वतन्त्रताको सिद्धान्त, स्व-अनुभव सिकाइ सिद्धान्तमा आधारित छ । मण्टेश्वरी (१८७०-१९५२) ले बाल स्वतन्त्रता र खेलकुदद्वारा शिक्षण गरिने विचारलाई मण्टेश्वरी विधिको रुपमा विकसित गरिन् । उनको बालगृह शिक्षा पद्धति अति महत्वपूर्ण र प्रभावकारी मानिन्छ । उनका अनुसार बालबालिकाहरूमा अन्तर्निहित प्रतिभा हुन्छ जस्लाई शिक्षाले उजागर गर्नुपर्छ । बालकलाई स्वतन्त्रतापूर्वक आफ्नो विचार र संवेगहरू अभिव्यक्त गर्न दिनुपर्छ । बालबालिकाहरू आफ्नै गतिमा सिक्ने प्रकृतिकाहुन्छन् । मांशपेशी र ज्ञानेन्द्रियको उचित

तालिमलाई प्रारम्भिक बाल्यावस्थाका बालबालिकाहरूलाई दिइने शैक्षिक प्रक्रियामा मण्टेश्वरीले जोड दिएकी छन् । मन्टेश्वरीको महत्वपूर्ण देन भनेको बाल सिकाइ प्रक्रियामा बाल मनोविज्ञान बुझेर उपयुक्त स्थान, खेल, गीत र प्रयोगद्वारा बालबालिकालाई सिकाउने र जुनसुकै क्षमताको विद्यार्थीले पनि यस्तो अवस्थामा सिक्न सक्छन् भन्ने विश्वासका साथ स-साना बालबच्चाहरू, सुस्त मनस्थितिका बच्चाहरू र अन्य अपाङ्ग बच्चाहरूलाई यसै विधिबाट शिक्षित बनाउन बालविकास केन्द्रको ठूलो भूमिका रहेको पाइन्छ ।

यस विषयसँग सम्बन्ध विभिन्न मूल्य, मान्यता र सिद्धान्तहरूको अध्ययन र विश्लेषणबाट वाल विकास केन्द्र व्यवस्थापन र उपलब्धिका वास्तविक प्रारुप सहज वाल विकासका लागि व्यवस्थित वाल विकास केन्द्रको स्थापना र सफल विद्यालय शिक्षाको लागि वास्तविक वाल विकासको व्यवस्थापन हुनु जरुरी छ ।

वालविकास केन्द्र व्यवस्थापनको संलग्न पक्षहरू



बालविकास केन्द्र व्यवस्थापनमा संलग्न पक्षहरू क्रमशः जिल्ला शिक्षा कार्यालय स्रोतकेन्द्र, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, सहयोगी कार्यकर्ता तथा बालबालिकाहरूले आ-आफ्नो कार्यभार इमान्दारी पूर्वक पूरा गरेमा बालविकास केन्द्र तथा बालबालिकाको सिकाइ पक्ष पूर्ण हुने हुन्छ ।

बालविकास केन्द्र व्यवस्थापनमा जिल्ला शिक्षा कार्यालयले माथिल्लो निकायबाट प्राप्त निर्देशन अनुसार प्रत्येक स्रोत केन्द्रमा स्रोत व्यक्ति मार्फत बाल विकास व्यवस्थापनमा कार्यान्वयन गर्न निर्देशन र अनुगमन गर्नु पर्ने आवश्यकता देखिन्छ । त्यसैगरी स्रोत केन्द्रले विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र प्रधानाध्यापकको संयुक्त बैठक आव्हान गरी छलफलबाट प्राप्त भएका निष्कर्षलाई कार्ययोजनाका साथ कार्यान्वयन पक्षमा जोड दिनु पर्ने देखिन्छ । अन्त्यमा बालविकास केन्द्रका सहयोगी कार्यकर्ता र विद्यार्थीहरू बीच आ-आफ्ना कार्यमा आफ्नो पक्षबाट योगदान पुऱ्याउनु पर्ने देखिन्छ ।

## २.३ अध्ययनको उपादेयता

ठूलो मात्रामा लगानी गरेपनि त्यसबाट प्राप्त हुने प्रतिफल सवैभन्दा न्यून हुने क्षेत्र भनेकै शिक्षा क्षेत्र हो भन्ने आम जनमानसको गुनासो छ । यही सन्दर्भमा सरकारले चालेका विविध कदमहरु मध्येको प्रारम्भिक बाल विकास कार्यक्रम एउटा विशेष कार्यक्रम हो । यो कार्यक्रमले विद्यार्थीको सिकाइमा ल्याएका परिवर्तनहरुको अवस्था विश्लेषणका लागि यो अध्ययनले महत्वपूर्ण भूमिका खेलेको छ । अन्य कार्यक्रमहरु जस्तै यसबाट पनि आशा गरेको उपलब्धि हासिल भयो वा भएन, भएमा यसलाई अझ प्रभावकारी बनाउन के के गर्न सकिन्छ ? नभएको अवस्थामा यसको विकल्पका रुपमा के गर्न सकिन्छ ? र यसमा आइपर्ने समस्याहरु के के हुन्छन् ? सो सम्बन्धमा सुझाव समेत दिन यो अनुसन्धानको भूमिका रहेको छ । यसमा प्रयोग गरिएका सैद्धान्तिक अवधारणाहरुको अध्ययनले सरकारी निकायलाई समेत व्यवस्थापन चुस्त र प्रभावकारी बनाउन सहयोग पुग्छ ।

उक्त अध्ययनको क्रममा प्राप्त तथ्याङ्क, प्रतिक्रिया र परिणामहरूलाई विभिन्न सिद्धान्तहरूसँग तुलनात्मक अध्ययन र विश्लेषण गरिएको छ । साथै सम्बन्धित साहित्यको पुनरावलकोनबाट

प्राप्त भएको प्राप्ति र यस अध्ययनको प्राप्तिबीच तुलनात्मक अध्ययन गर्दै निचोडमा पुगिएको छ। विद्यालयमा सञ्चालित बाल विकास केन्द्रलाई भौतिक, शैक्षिक, प्रशासनिक क्षेत्रमा सुधार ल्याउन आवश्यक सुझाव दिइएको छ। यसै विषयमा थप अनुसन्धान गर्न चाहने अनुसन्धानदातालाई स्रोतको रुपमा उपयोगी हुने ठानिएको छ।

जुनसुकै विकास प्रक्रिया निरन्तर र विस्तारै हुने गर्दछ। नेपालका सामुदायिक विद्यालयमा व्यवस्थापन गरिएको वालविकास केन्द्रहरू अरु क्षेत्र र समुदायले व्यवस्थापन गरेका वाल विकास केन्द्र भन्दा अरु व्यवस्थित देखिन्छ तथापि जुन उद्देश्यले व्यवस्थापन गरिएको छ। सो पूरा हुन नसकिरहेको परिप्रेक्षमा यस्तो अध्ययनले सिद्धान्त र प्रयोग बीचका तालमेल हुनु जरुरी छ र सफल वाल विकासका लागि व्यवस्थित प्रारम्भिक वाल विकास केन्द्र हुनु जरुरी छ भन्ने प्रष्ट हुन आउछ।

# परिच्छेद तीन : अध्ययन विधि

अनुसन्धान विधिको विवरण तयार गर्नु शोध प्रस्ताव लेखनका क्रममा सवभन्दा महत्वपूर्ण मानिन्छ। यसका लागि प्रस्ताव गरिएको अनुसन्धान कार्य कसरी सम्पन्न गरिएको छ भनी स्पष्ट पार्नु जरुरी हुन्छ। यस प्रक्रिया अन्तरगत सामग्री संकलनको विधि, प्रकृया र अध्ययन विश्लेषणको सैद्धान्तिक आधार तयार गर्नु आवश्यक हुन्छ। त्यसैले अनुसन्धानका लागि आवश्यक सामग्रीहरुको श्रोत, सामग्रीहरुको संकलन र त्यसको परीक्षण आदि समग्र प्रक्रियालाई अध्ययन विधि भनिन्छ। "सामुदायिक विद्यालयमा वाल विकास केन्द्रको व्यवस्थापन" विषयको यस अनुसन्धान कार्यमा निम्न अनुसारको अध्ययन विधि अवलम्वन गरिएको छ :

## ३.१ अनुसन्धान ढाँचा

यस अनुसन्धानमा संकलित तथ्याङ्कहरू शाब्दिक तथा सांख्यिक दुवै प्रकारका रहेका छन्। शाब्दिक तथ्याङ्कलाई वर्णनात्मक ढाँचामा व्याख्या विश्लेषण गरिएको छ। सांख्यिक तथ्याङ्कलाई तालिका, रेखाचित्र, वृत्तचित्र, जस्ता साधनहरूको आवश्यकता अनुसार प्रयोग गरी विश्लेषणात्मक रुपमा प्रस्तुत गरिएको छ। छनोट गरिएको शीर्षकमा अनुसन्धान गर्दा उद्देश्य पूरा गर्न सामुदायिक विद्यालयमा बालविकास केन्द्र व्यवस्थापन र सञ्चालनमा कतिपय तथ्याङ्कीय कुराहरूको अध्ययन तथा विश्लेषण गर्नु पर्ने हुँदा साथै सो तथ्यलाई तालिकामा समेत देखाउनु पर्ने हुँदा परिमाणात्मक ढाँचामा समेत अध्ययन कार्य अघि बढाइएको छ भने बालविकास केन्द्र व्यवस्थापन गर्दा ध्यान दिनु पर्ने कुराहरू, सम्बद्ध सरोकारवालाहरूले खेल्नु पर्ने भूमिकाका बारेमा व्यापक छलफल गरी सो को विश्लेषण समेत समावेश गर्नु पर्ने हुँदा सुचना दाताहरूको भनाइ समेत उल्लेख गर्नु पर्ने हुँदा गुणात्मक ढाँचामा अध्ययन कार्य अवलम्वन गरिएको छ। अतः दुवै ढाँचा प्रयोग भएकाले यो अनुसन्धान मिश्रित ढाँचामा प्रयोग गरिएको छ।

## ३.२ जनसंख्या र नमूना

### ३.२.१ जनसंख्या

यस अध्ययनका लागि झापा जिल्लाको अनारमनी स्रोत केन्द्र अन्तर्गतका सामुदायिक विद्यालयहरूमा व्यवस्थापन गरिएका २३ वटा बालविकास केन्द्रलाई नमूनाको कुल जनसंख्याको रुपमा लिइएको छ । बाल विकास केन्द्रका विद्यार्थीहरू, सहयोगी कार्यकर्ताहरू, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, स्रोत व्यक्तिहरूलाई अध्ययनको पूर्ण जनसंख्या मानिएको छ ।

बालविकास केन्द्रमा अध्ययन गरिएका विद्यालय अर्न्तगतको स्रोत व्यक्ति मार्फत बालविकास केन्द्रको अवस्थाको बारेमा अन्तरर्वार्ता प्रश्नावलीको माध्यमबाट नमूना सङ्कलन गर्ने कार्य गरियो । त्यसैगरी सम्बन्धित बालविकास केन्द्रका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विद्यालयका प्रधानाध्यापक सहयोगी कार्यकर्ता र अध्ययनरत विद्यार्थी तथा कक्षा अवलोकन साथै स्थलगत सर्वेक्षणबाट समग्र बालविकास केन्द्र व्यवस्थापनका बारेमा नमूना सङ्कलन गर्ने कार्य गरिएको छ ।

### ३.२.२ नमूना

यस अनुसन्धानको लागि अनारमनी स्रोत केन्द्रका सामुदायिक विद्यालयमा व्यवस्थापन गरिएका २३ वटा बालविकास केन्द्रहरु मध्ये ५ वटा विद्यालयमा आधारित बालविकास केन्द्रहरू अध्ययनको लागि छनोट गरिएको छ ।

उद्देश्यपूर्ण छनोट विधिका आधारमा प्रत्येक बालविकास केन्द्रबाट २/२ जनाका दरले १० जना विद्यार्थीहरू, १/१ जनाका दर ५ जना सहयोगी कर्याकर्ताहरू, १/१ जनाका दरले ५ जना प्रारम्भिक बाल विकास केन्द्र व्यवस्थापन समिति अध्यक्ष, १/१ जनाका दरले ५ जना विद्यालयका प्रधानाध्यापकहरू, १ जना स्रोत व्यक्ति गरी जम्मा २६ जनालाई उत्तरदाताको रुपमा लिइएको छ ।

## ३.३ अनुसन्धानका साधनहरू

यस अनुसन्धानलाई उदेश्यपूर्ण, तथ्यपूर्ण र सार्थक बनाउनको लागि प्रत्यक्ष भेटघाट, छलफल, अन्तर्वाता, खुल्ला/बन्द प्रश्नावली, स्थलगत सर्वेक्षण, कक्षा कोठा अवलोकन जस्ता साधनहरूलाई उपयोग गरिएको छ । सामुदायिक विद्यालयमा सञ्चालित बालविकास केन्द्र व्यवस्थापन विषयलाई लिइएर सोधिएका र प्रयोग भएका प्रश्नावली फारमहरू स्रोतव्यक्ति, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, सहयोगी कार्यकर्ता, कक्षा अवलोकन फारम, शैक्षिक सामग्री व्यवस्थापन र केन्द्र व्यवस्थापन सम्बन्धी प्रश्नावली तथा फारमहरू अनुसूचीमा समावेश गरियो ।

### ३.३.१ प्रश्नावली

अनुसन्धान कार्यलाई तथ्यपूर्ण बनाउनका लागि नमूना छनोटमा परेका पाँच वटा सामुदायिक विद्यालयमा सञ्चालित बालविकास केन्द्रका एक जना स्रोत व्यक्ति, पाँच जना प्रधानाध्यापक, पाँच जना विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूलाई छुट्टाछुट्टै प्रश्नावली मार्फत अनुसन्धान कार्यका लागि तथ्याङ्क सङ्कलन गर्ने कार्य गरियो ।

### ३.३.२ अन्तर्वार्ता

विद्यालयमा सञ्चालित बालविकास केन्द्रको व्यवस्थापन सम्बन्धमा व्यापक अनुसन्धानका लागि अन्तर्वार्तालाई समेत अनुसन्धानको साधनको रूपमा प्रयोग गरिएको छ । अन्तर्वार्ताका लागि बालविकास केन्द्रका पाँच जना सहयोगी कार्यकर्ताहरू प्रत्येक केन्द्रका दुई/दुई जनाका दरले दश जना विद्यार्थीहरू, विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षसँग बालविकास केन्द्र व्यवस्थापन सम्बन्धमा अन्तर्वार्ताको साधन अपनाई नमूना सङ्कलन गरियो ।

### ३.३.३ सामुहिक छलफल

समग्र विद्यालयसँग सम्बन्धित पक्षहरू स्रोत व्यक्ति, विद्यालय व्यवस्थापन समिति

पदाधिकारीहरू, शिक्षक अभिभावक संघ, शिक्षकहरू, विद्यार्थीहरू र सहयोगी तथा चन्दादाताहरूको सामुहिक छलफलबाट आएका कुराहरूलाई अनुसन्धान प्रक्रियाको साधनको रूपमा लिइएको छ ।

### ३.३.४ स्थलगत सर्वेक्षण र कक्षा कोठा अवलोकन

अध्ययनको नमूनामा परेका पाँच वटै विद्यालयका बालविकास केन्द्रहरूकोम स्थलगत भ्रमण गरी सर्वेक्षण फारम मार्फत र कक्षा कोठाहरूको अवलोकनबाट प्राप्त कुराहरूलाई अनुसन्धानको साधनको रूपमा उपयोग गरियो ।

## ३.४ तथ्याङ्कको श्रोत

यस अध्ययनका लागि प्राथमिक र द्वितीय श्रोतको आवश्यकता अनुसार प्रयोग गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

तथ्याङ्क सङ्कलनका क्रममा प्राथमिक स्रोत अन्तर्गत स्थलगत सर्वेक्षण फारम, कक्षा कोठा अवलोकन फारम, विद्यालयको बाल विकास केन्द्रको सम्बन्धमा सम्बन्धित स्रोत व्यक्ति, विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू र सहयोगी कार्यकर्ता तथा अध्ययनरत विद्यार्थीहरूसँग अन्तर्वार्ता लिई प्राथमिक स्रोतहरूका जानकारी प्राप्त गरिएको छ ।

### ३.४.२ द्वितीय स्रोत

प्राथमिक स्रोत बाहेक तथ्याङ्कका लागि आवश्यक पर्ने अन्य स्रोतलाई द्वितीय स्रोतको रूपमा लिइएको छ । यस अन्तर्गत शिक्षा ऐन र नियमावली, शिक्षा सम्बन्धित विभिन्न प्रतिवेदनहरू, शीर्षकसँग सम्बन्धित अप्रकाशित शोधपत्रहरू, शैक्षिक जर्नल, विभिन्न निर्देशिका र पाठ्यक्रमलाई तथ्याङ्कको द्वितीय स्रोतको रूपमा लिइएको छ ।

## ३.५ तथ्याङ्क संकलन प्रक्रिया

यस अध्ययनका लागि पूर्वी जिल्ला झापाको एउटा स्रोतकेन्द्रका ५ वटा सामुदायिक विद्यालयमा आधारित बालविकास केन्द्रलाई लिइएको छ । उद्देश्यपूर्ण छनौट विधिबाट बालविकास केन्द्रका दुई दुई जना विद्यार्थी एक एक जना सहयोगी कार्यकर्ता एक एक जना प्रधानाध्यापक, एक एक जना व्यवस्थापन समिति अध्यक्ष तथा एक जना स्रोत व्यक्तिलाई उत्तरदाताको रुपमा लिइएको छ भने प्रत्यक्ष भेटघाट, छलफल, अन्तर्वार्ता, खुला/बन्द प्रश्नावली, स्थलगत सर्वेक्षण, कक्षाकोठा अवलोकन जस्ता साधनको प्रयोग गरी आवश्यक तथ्याङ्क सङ्कलन गरियो ।

## ३.६ तथ्याङ्क विश्लेषण

स्थलगत सर्वेक्षण फारम, कक्षा कोठा अवलोकन फारम, प्रश्नावली तथा अन्तर्वाताबाट प्राप्त भएका महत्वपूर्ण तथ्यहरूलाई प्रकृति हेरी वर्णनात्मक र विश्लेषणात्मक रुपमा प्रस्तुत गरिएको छ । जस अन्तर्गत भौतिक, शैक्षिक अवस्था, प्रशासनिक पक्षको वर्तमान अवस्थाको लेखाजोखा गर्न तालिकीकरण र स्तम्भ चित्रको प्रयोग गर्दै वर्णनात्मक ढंगले प्रस्तुत गरिएको छ । तथ्याङ्क विश्लेषणका लागि सामुदायिक विद्यालयमा सञ्चालित बालविकास केन्द्र सञ्चालन र व्यवस्थापन प्रक्रियामा प्राप्त भएका नमूना सङ्कलनहरूलाई तथ्यहरूको प्रकृति अनुसार तथ्याङ्क विश्लेषण गरिएको छ । मुख्यतः चित्रहरू र तालिकाहरूलाई परिमाणात्मक ढाँचामा प्रस्तुत गरी वर्णनात्मक रूपमा विश्लेषण गरिएको छ भने विद्यालयहरूको समग्र भौतिक पक्षहरू, विद्यालय व्यवस्थापन र सञ्चालन सम्बन्धी वर्तमान अवस्था प्रक्रिया तथा भावी कार्ययोजनाहरूका विषयमा सम्बन्धित क्षेत्रका व्यक्तिसँगको अन्तर्वार्ता, छलफल, स्थलगत सर्वेक्षण र सुचना दाताहरूको भनाइलाई समेत गुणात्मक ढाँचामा व्याख्या विश्लेषण गरिएको छ । यसरी मिश्रित ढाँचामा प्रस्तुत गरिएका तथ्याङ्क सङ्कलन कार्यलाई आवश्यकता अनुसार विश्लेषण गरी बालविकास केन्द्र व्यवस्थापन सम्बन्धी समस्या तथा समाधानका उपायहरूलाई बुँदागत रुपमा सूचीकृत गरी निष्कर्ष निकाल्ने प्रयास गरिएको छ ।

# परिच्छेद चार : नतिजाको विश्लेषण

प्रारम्भिक बाल्यावस्थाले बालबालिकाको भावी जीवनमा महत्वपूर्ण प्रभाव पार्दछ । यस उमेरका बालबालिकाको सर्वाङ्गिण विकास लागि उचित वातावरण प्रदान गर्न सकेमा मात्र उनीहरू पूर्ण बन्न सक्छन् । यसका लागि प्रारम्भिक बालविकास कार्यक्रमको प्रमुख भूमिका रहन्छ । यसै यथार्थतालाई आत्मसात गर्दै झापा जिल्लाको अनारमनी स्रोत केन्द्रका ५ वटा बालविकास केन्द्रहरू छनौट गरिएको छ । स्थलगत अध्ययन पश्चात प्रारम्भिक बालविकास केन्द्र व्यवस्थापनलाई निम्नानुसारको शीर्षकको प्रयोग गरी व्याख्या र विश्लेषण गरिएको छ ।

## ४.१ प्रारम्भिक बालविकास केन्द्र व्यवस्थापनको वर्तमान अवस्था

यस क्षेत्रको बाल विकास केन्द्रको विविध पक्षको वर्तमान अवस्थालाई अध्ययन गर्दा निम्नानुसारको अवस्था रहेको पाइयो ।

### ४.१.१ प्रारम्भिक बालविकास केन्द्रको भौतिक अवस्था

बालबालिकाहरूको सिकाइमा अत्यन्तै प्रभावकारी भूमिका खेल्ने तत्व भनेको भौतिक अवस्था हो । बालबालिकाको सिकाइलाई प्रभावकारी बनाउन भौतिक वातावरणको महत्वपूर्ण भूमिका रहन्छ । यसमा पनि ३ दखि ५ वर्षसम्मका बालबालिकाहरूको सर्वाङ्गिण विकासका लागि कक्षाकोठा भित्र र कक्षाकोठा बाहिरको भौतिक वातावरणले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । तसर्थ भौतिक अवस्थाको अध्ययन गर्ने क्रममा कक्षाकोठा, फर्निचर, खेलमैदान, वगैंचा, शौचालय, पिउने पानीको अवस्थालाई अध्ययन गरिएको छ ।

**कक्षाकोठा**

प्रारम्भिक बालविकास कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि केन्द्रको कक्षाकोठालाई भौतिक रुपले साधन सम्पन्न र सुविधायुक्त बनाइनु आवश्यक

हुन्छ । बालबालिकाहरूको कक्षाकोठा फराकिलो र हावादार हुनुपर्छ । कोठाभित्र पर्याप्त मात्रामा प्रकाश छिर्नुपर्दछ । कक्षाकोठा भित्रका सामग्रीहरूको सुरक्षा तथा जाडो र गर्मीमा सुविधा सम्पन्न गर्नका लागि झ्यालढोकाको राम्रो व्यवस्था गरिनु पर्दछ । पानीबाट जोगिनको लागि छानाको व्यवस्था साथै सिलिङ पनि लगाइएको हुनुपर्छ । बालबालिकाका लागि बस्ने फर्निचर, सुकुल, कार्पेट आदिको व्यवस्था हुनु राम्रो हुन्छ । अध्ययनमा परेका ३ वटा बालविकास केन्द्रहरूको भौतिक व्यवस्थापनसँग सम्बन्धित विभिन्न तत्वहरूको अवस्थालाई छ, छैन र तिनको संख्या अध्ययन गरिएको थियो । अध्ययन अनुसार समुदायमा आधारित बालविकास केन्द्रहरूको कक्षाकोठाको भौतिक व्यवस्थापनसँग सम्बन्धित तत्वहरू मध्ये भवन, कक्षाकोठा, कक्षाकोठा सजावट, सरसफाइ, डेस्कबेन्च, कार्पेट, गुन्द्री लगायतका आवश्यक पर्ने सबै सामग्रीहरू रहेको पाइएको छ । सबै बालविकास केन्द्रमा सिकाइ सामग्री भण्डार गर्ने टिनका बाकस राखेको पाइयो । र्‍याक, दराज र सिकाइ कुनाको व्यवस्था भने २ वटा बालविकास केन्द्रमा रहेको पाइयो (तालिका २) । बालविकास सिकाइको सिद्धान्त अनुसार बालबालिकाहरूलाई सिकाइका लागि तत्पर राख्न केन्द्रको कक्षाकोठामा भौतिक व्यवस्थापनलाई राम्रो तर्जुमा गर्नु आवश्यक हुन्छ ।

नमूना छनोटमा परेका प्रत्येक बालविकास केन्द्रले कार्यक्रम सञ्चालनका लागि १-१ वटा कोठाको राम्रो प्रवन्ध गरेको पाइयो । जसको आकारलाई तल उल्लेख गरिएको छ ।

**तालिका १ : कक्षाकोठाको आकार**

| क्र.सं. | बाल विकास केन्द्रको नाम | विद्यार्थी संख्या | लम्बाई मि. | चौडाई मि. | प्रति विद्यार्थी क्षे. |
|---|---|---|---|---|---|
| १ | मोहनमाया बाल विकास केन्द्र | ४२ | ६ | ५ | १.५ |
| २ | वीर अमरसिंह बाल विकास केन्द्र | २५ | ४ | ४ | १.०६ |
| ३ | महेन्द्र मा.वि. बाल विकास केन्द्र | ५२ | ४ | ३ | १.२ |
| ४ | देवी मा.वि. बाल विकास केन्द्र | ५० | ९ | ६ | १.३ |
| ५ | सरस्वती मा.वि. बाल विकास केन्द्र | २० | ६ | २ | १.४ |

*स्रोत : स्थलगत सर्वेक्षण २०७४*

शिक्षा नियमावली २०५९ पूर्व प्राथमिक तहमा प्रति विद्यार्थी क्षेत्रफल ०.७५ वर्गमिटर भन्दा कम हुनु नहुने कुरा उल्लेख गरेको छ । अध्ययनको क्रममा छनौटमा परेका सबै बालविकास केन्द्रका कक्षाकोठाहरू प्रति विद्यार्थी क्षेत्रफल १ वर्ग मिटर भन्दा माथि रहेको पाइएको छ

**फर्निचर**

बसाई व्यवस्थापनलाई प्रभावकारी बनाउन फर्निचरको उत्तिकै महत्व रहन्छ तसर्थ प्रारम्भिक बालविकास केन्द्रमा फर्निचरको व्यवस्थापन पक्षको अध्ययनका क्रममा र्‍याक, दराज, कालो/सेतो पार्टी, टेवल कुर्सी, बाकस, झ्याल, ढोका, कार्पेट, गुन्द्रीको अवस्था बारेमा स्थलगत अध्ययन गरिएको थियो ।

यस अध्ययनका क्रममा २ वटा बालविकास केन्द्रमा र्‍याक र दराज नपाइएको भए तापनि अन्य सबै फर्निचरका सामग्रीहरूको उचित व्यवस्था गरेको पाइयो ।

**खेलमैदान**

प्रारम्भिक बालविकास कार्यक्रम अन्तर्गत ३ देखि ५ वर्ष उमेर समूहका विद्यार्थीहरू रहने हुँदा उनीहरूलाई खेलको माध्यमद्वारा विद्यालय र पढाइप्रति आकर्षण बढाउन सकिन्छ । उनीहरूको बालमनोविज्ञानलाई ध्यानमा राखी खेलकै माध्यमद्वारा सिर्जनात्मक सीपको विकास गराउनुपर्दछ । तसर्थ भौतिक व्यवस्थापनसँग खेल मैदानलाई समाविष्ट गरिएको छ । छनौटमा परेका सबै बालविकास केन्द्रहरू विद्यालयमा आधारित रहेकाले सोही खेलमैदानको प्रयोग गरेको पाइयो भने कक्षाकोठा बाहिरको व्यवस्थापनलाई हेर्दा पिङ, चिप्लेटी, स्वतन्त्र दौड धुप, रुमाल लुकाइ, कपर्दी आदि खेलहरू पर्याप्त रहेको पाइयो ।

**बगैंचा**

विद्यार्थीलाई विद्यालयप्रति आकर्षण बढाउने अर्को महत्वपूर्ण तत्व बगैंचा (फुलबारी) हो । जुन विद्यालयमा मनमोहक दृष्य हुन्छ त्यो विद्यालयप्रति विद्यार्थी तथा अभिभावकको चाँसो

बढ्नु स्वाभाविक हो । त्यसैगरी फ्रोबेलको बालबगैंचा शिक्षण पद्धति अनुसार बालबालिकाहरूलाई बगैंचामा फुल्ने अवसर प्रदान गरिएको वा नगरिएको भनि अध्ययन गर्दा २ वटा बालविकास केन्द्रमा बगैंचाको सामान्य अवस्था पाइए तापनि १ वटा बालविकास केन्द्रको यस तर्फको व्यवस्थापन पक्ष मजबुद रहेको पाइयो ।

**शौचालय**

नमूना छनौटमा परेका सबै बालविकास केन्द्रहरूमा शौचालयको व्यवस्था भएको पाइयो तर विद्यालयमा बालविकासका लागि छुट्टै शौचालय नभएर शिक्षक सहयोगी कार्यकर्ता तथा १-१० का विद्यार्थीहरूको शौचालयलाई नै प्रयोग गर्ने गरेको पाइयो ।

**पिउने पानी**

हरेक प्राणीको जीवन पानीमा अडिएको हुन्छ र पानी विनाको मानव कल्पना गर्न नसकिने हुँदा प्रारम्भिक बालविकास केन्द्रको भौतिक व्यवस्थापन अर्न्तगत पिउने पानीलाई राखिएको हो । अध्ययनको क्रममा ५ वटै बालविकास केन्द्रमा पिउने पानीको व्यवस्था गरेको पाइएको भए तापनि एउटा बालविकास केन्द्रमा ट्याङ्कीको पानी प्रयोग गर्ने गरेको पाइयो । एउटामा धाराको पानी प्रयोग गरेको पाइयो भने बाँकी ५ वटा बालविकास केन्द्रमा पानीलाई फिल्टर गरी प्रयोग गर्ने गरेको पाइयो ।

शिक्षाविद् फ्रोबेलका अनुसार बालविकास केन्द्रका बालबालिकालाई सिकाइको वातावरण बनाउन खेललाई माध्यम बनाई गीत, हाउभाउ/भूमिका अभियन र रचनात्मक कार्य मार्फत किन्डर गार्टेन पद्धतिमा जोड दिएको आधारमा अध्ययनको नमूनामा परेका बालविकास केन्द्रको अवस्थालाई उनको सिद्धान्त अनुसार तुलना गर्दा खेलकुदको सामग्रीको प्रयोग गरी खेल विधिबाट बढि विद्यार्थीलाई शिक्षण गरिएको तर गीत, हाउभाउ/अभिनय र रचनात्मक कार्य मार्फत कमै मात्रामा शिक्षण गरिएको पाइयो ।

त्यस्तै शिक्षाको पाठ्यक्रममा प्रकृतिलाई बढि जोड दिएको फ्रोबेलको मान्यता अनुसार शिशु गीत र मातृ खेललाई बच्चाको मानसिक र नैतिक खुराक दिएको भए पनि बालविकास केन्द्रमा यस्तो अवस्था विरलै पाइयो ।

शिक्षाविद् मन्टेश्वरीका सिद्धान्त अनुसार बाल सिकाइ प्रक्रियामा बालबालिकाको मनोविज्ञानलाई बुझेर उपयुक्त स्थान खेल, गीत र प्रयोग गर्ने मान्यता भएपनि अध्ययनमा परेका पाँच वटै बालविकास केन्द्रमा आंशिक रूपमा मन्टेश्वरीका सिद्धान्तहरू अपनाइएको पाइयो ।

### ४.१.२ केन्द्र कोठाको वातावरण

प्रारम्भिक बालविकासमा रहेका बालबालिकाहरूका लागि केन्द्र कोठाको वातावरण राम्रो हुनु पर्दछ । बालबालिकाहरूलाई सहज तरिकाले सिकाइ होस भन्नका लागि सिकाइ कुनाहरूको व्यवस्था तथा त्यसका लागि आवश्यक सामग्रीहरू पनि व्यवस्थापन गरेर शारीरिक रुपमा कुनै किसिमका दण्ड नदिइ बालमैत्री तरिकाले सिक्ने अवसर प्रदान गर्नुपर्छ । यसरी नै बालबालिकाको सिकाइलाई सहज र मनोरञ्जनपूर्ण बनाउनका लागि स्वभाविक स्थितिको वातावरण बनाइ स्वतन्त्र रुपले सिक्ने र सुरक्षाको अनुभूति दिने खालको व्यवस्था गर्नु पर्छ । केन्द्र कोठाको अध्ययन गर्ने क्रममा सिकाइ कुनाहरू र सामग्री व्यवस्थापन बालमैत्री भए नभएको तथा शारीरिक दण्डको व्यवस्था भए नभएको विषयमा अध्ययन गरिएको छ ।

### किताब कुनाहरू र सामग्री व्यवस्थापन

नमूना छनोटमा परेका बालविकास केन्द्रहरूको अध्ययन गर्ने क्रममा सबै केन्द्रहरूमा सिकाइ सामग्रीहरू पर्याप्त नै रहेको पाइयो । कक्षाभित्र भाषा, क्षेत्र सिर्जनात्मक क्षेत्र, गणित क्षेत्र, विज्ञान क्षेत्र जस्ता सिकाइ क्षेत्र, फर्निचर व्यवस्थापन, बसाइ व्यवस्थापन सिकाइ सामग्री प्रयोगको अवस्था आदिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २ : किताब कुना तथा सामग्री व्यवस्थापन सम्बन्धी विवरण**

| क्र.सं. | विवरण | परिमाण | अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | राम्रो | सामान्य | कमजोर | |
| १ | भाषा क्षेत्र | | - | २ | ४ | |
| २ | गणित क्षेत्र | | - | २ | ४ | |
| ३ | विज्ञान क्षेत्र | | - | २ | ४ | |
| ४ | सिर्जनात्मक क्षेत्र | | १ | २ | ४ | |
| ५ | खेल क्षेत्र | | ३ | २ | १ | |
| ६ | सामग्री भण्डार क्षेत्र | | २ | ४ | - | |
| ७ | आराम क्षेत्र | | ३ | २ | १ | |
| ८ | खाजा क्षेत्र | | ३ | १ | २ | |
| ९ | फर्निचर व्यवस्थापन | | २ | २ | २ | |
| १० | बसाई व्यवस्थापन | | ४ | २ | - | |
| ११ | सामग्री सजावटको अवस्था | | २ | ३ | १ | |
| १२ | शारीरिक दण्डको अवस्था | | - | - | - | बालमैत्री सिकाइ हुने गरेको |
| १३ | भित्ता सजावटको अवस्था | | ४ | १ | १ | |
| १४ | रङ रोगनको अवस्था | | ४ | २ | - | |
| १५ | सिकाइ सामग्री प्रयोगको अवस्था | | २ | ३ | १ | |

*स्रोत : स्थलगत सर्वेक्षण (२०७४)*

माथिको तालिका अनुसार अध्ययनमा परेका ३ वटा विद्यालयमा सिकाइ क्षेत्र, खेल क्षेत्र, सामग्री भण्डार क्षेत्र, आराम क्षेत्र, खाजा क्षेत्रको छुट्टाछुट्टै र व्यवस्थित तरिकाले व्यवस्था गरेको पाइयो । उक्त विद्यालयमा पढ्नका लागि उमेर अनुसार फर्निचर U आकार तथा गोलाकार रुपमा व्यवस्था गरेको पाइयो । खेल तथा मनोरञ्जनका लागि प्रशस्त सामग्रीहरू राखी उनीहरूलाई कक्षाभित्र मनोरञ्जन गराइरहेको पाइयो । आरामका लागि छुट्टै खाटको व्यवस्था गरेको पाइयो । खाजाको लागि छुट्टै कुनाको व्यवस्था गरिरहेको पाइयो भने बाँकी विद्यालयमा खेलसामग्रीहरू पर्याप्त नभएको र भएका जे जति सामग्री छन् ती सामग्रीहरूलाई प्रयोग गर्ने गरेको पाइयो मनोरञ्जनका लागि पनि पर्याप्त सामग्री

देखिएन । कार्पेट ओछ्याएर तथा डेस्कबेन्चमा राखेर विद्यार्थीलाई पढाउने गरेको पाइयो । टिनको बाकसमा सामग्री भण्डार गर्ने गरेको पाइयो ।

**बालमैत्री व्यवहार तथा शारीरिक दण्डको अवस्था**

प्रारम्भिक बालविकास विद्यालयको एउटा आधारभूत अंग भएकोले बालबालिकाको सामाजिक सीप तथा संवेगात्मक निपुणताको पहिचान नगरी खाली किताबी ज्ञानलाई जोड दिने वा विकासात्मक लक्ष्य भन्दा शैक्षिक कठोरतालाई गलत जोड दिने परिपाटीलाई निरुत्साहित गर्नुपर्दछ । केन्द्रमा पर्याप्त आराम, खेल, गीत, नाच/गान, अभिनय, खाजा आदिको व्यवस्था गरी अन्य जीवनोपयोगी सीपका क्रियाकलापहरू सञ्चालन गरेर कक्षा मनोरञ्जन र बालमैत्री बनाउनुपर्दछ । बालविकास केन्द्रको अध्ययन गर्दा प्राप्त विवरण तथा सहयोगी कार्यकर्ताहरूले बताए अनुसार सबै बालविकास केन्द्रहरूमा बालमैत्री वातावरणमा कक्षा सञ्चालन गर्ने गरेको जनाएका छन् तथा शारीरिक दण्डको कुनै पनि समयमा प्रयोग नगरेको कुरालाई पनि सहयोगी कार्यकर्ताहरूले प्रष्ट पारेका छन् ।

**भित्ता सजावट**

प्रारम्भिक बालविकासका बालबालिकाहरूलाई सहज तरिकाले उनीहरूको रुची अनुसार सिक्ने अवसर प्रदान गर्न तथा कक्षाकोठालाई आकर्षक बनाउन भित्ता सजावट महत्वपूर्ण हुन्छ । छनोटमा परेका बालविकास केन्द्रको भित्ता सजावटको अवस्थालाई हेर्दा सबै बालविकास केन्द्रको कोठामा सामान्य रङरोगन गरिएको अवस्था पाइयो । फेन, घडी, मौसम चार्ट, बारचार्ट, अक्षरमाला, बालगित चार्ट, ऐना, A देखि Z सम्मका अक्षर, क देखि ज्ञ सम्मका अक्षर आदिलाई भित्तामा राम्ररी सजाएर राखिएको अवस्था पाइयो । यसले कक्षाकोठाको वातावरणलाई मनमोहक तथा बालमैत्री बनाएको पाइयो ।

**४.१.३ सिकाइ क्षेत्र व्यवस्थापनको अवस्था**

प्रारम्भिक बालविकास केन्द्रको सिकाइ क्षेत्रलाई सहि ढंगले व्यवस्थापन गरिनु पर्दछ । बालविकास केन्द्रमा भौतिक व्यवस्थापन मात्र छैन कि सिक क्षेत्रको व्यवस्थापन गरिनुपनि

उत्तिकै महत्वपूर्ण हुन्छ । बालविकास केन्द्रको सिकाइ क्षेत्र व्यवस्थापन अन्तर्गत सिकाइ सामग्रीहरू, बसाइ व्यवस्थापन, सहयोगी कार्यकर्ताको अवस्था, शैक्षिक सामग्री, प्रयोगको अवस्था आदिको अध्ययन गरिएको छ ।

**सिकाइ सामग्री**

सिकाइलाई प्रभावकारी बनाबश८उन प्रमुख भूमिका सिकाइ सामग्रीको रहन्छ । शिक्षाविद कोवुन (१९६८) अनुसार ८३% देखेर सिकाइ हुने हुँदा बालविकास केन्द्रको सिकाइ क्षेत्र व्यवस्थापनमा बाल सिकाइ सामग्रीहरूको पर्याप्त र उचित व्यवस्थापन एक महत्वपूर्ण पक्ष हो ।

प्रश्नावली मार्फत विभिन्न पक्षबाट प्राप्त प्रतिक्रियाका आधारमा नमूना छनोटमा परेका प्रारम्भिक बालविकास केन्द्रहरूमा उपलब्ध शैक्षिक सामग्रीको विवरणलाई तलको तालिकाद्वारा प्रष्ट पारिएको छ :

**तालिका ३ : सिकाइ सामग्री विवरण**

| क्र.सं. | शैक्षिक सामग्री | विद्यालय संख्या |
|---|---|---|
| १ | पाठ्यक्रम निर्देशिका सहयोगी कार्यकर्ता निर्देशिका, बालपुस्तिका, ऐना, काइयो, नङ काट्ने, रुमाल, ब्रस, दन्तमन्जन, साबुन, वर्ण तालिका, अल्फाबेट तालिका, रङ्गिन कागजहरू पशुपन्छीका आकृतिहरू, विभिन्न चार्ट अक्षर तथा शब्द पत्ति । | ५ |
| २ | पाठ्यक्रम निर्देशिका, स.का. निर्देशिका, बाल पुस्तिका, ऐना, काइयो, नङ काट्ने, रुमाल, ब्रश, दन्तमन्जन, वर्णतालिका, अल्फावेट तालिका, रङ्गिन कागजहरू पशुपन्छीका आकृति, विभिन्न चार्ट, अक्षर तथा शब्द पत्ति (जि.शि.का. ले दिएका), सवारी साधनका चित्र, जनावरका चित्र, फलफुलका चित्र, मौसम चार्ट, बार चार्ट, अक्षर माला, बालगीत चार्ट, किचन र्‍याक, गुडिया, बास्केटबल, घोडा, फेन, काठ बाँसका ब्लकहरू, संवेग व्यक्त भएका ठुला चित्रहरू, वर्णित चित्र, कपडाको टुक्रा (विद्यालय, सहयोगी कार्यकर्ताद्वारा खरिद तथा संकलन गरिएका) | ५ |

*स्रोत : अन्तर्वार्ता प्रश्नावली २०७४*

प्राप्त प्रतिक्रियाको आधारमा छनौटमा परेका बालविकास केन्द्रहरूमा सिकाइ सामग्रीको अवस्था समान नभइ घटीबढी रहेको पाइयो । नमूना छनौटमा परेका बालविकास केन्द्रहरू मध्ये २ वटा केन्द्रहरूमा पाठ्यक्रम, निर्देशिका, बाल पुस्तिका, वर्ण तालिका, अल्फावेट तालिका, रङ्गिन कागज, पशुपन्छीका आकृतिहरू विभिन्न चार्ट, अक्षर तथा शब्द पत्तिहरू जस्ता जिल्ला शिक्षा कार्यालयले दिएका सामग्रीहरू मात्र पाइयो । यसैगरी अन्य १ वटा बालविकास केन्द्रमा यसका अलावा बालविकास केन्द्र आफैले खरिद गरेका सवारी साधनका चित्र, जनावरका चित्र, फलफुलका चिक्र सिट्टी, मादल, गुडिया तथा सहयोगी कार्यकर्ताले संकलन गरेका काठ तथा बासका ब्लकहरू, संवेग व्यक्त भएका ठुला चित्र, वर्णित चित्र, कपडाको टुक्रा जस्तो शैक्षिक सामग्री भएको पाइयो ।

अध्ययनमा परेका बालविकास केन्द्रका सिकाइ सामग्रीहरूको अवस्थालाई यसप्रकार वर्गीकरण गरी तालिकामा देखाइएको छ :


**तालिका ४ : बालविकास केन्द्रमा रहेका सिकाइ सामग्रीहरूको विवरण**

| क्र.सं. | सामग्रीको किसिम | संख्या |
|---|---|---|
| १ | श्रव्य सामग्री | ७ |
| २ | दृष्य सामग्री | २० |
| ३ | श्रव्य दृष्य सामग्री | १ |
| ४ | मुद्रित सामग्री | ३ |
| | जम्मा | ३१ |

*स्रोत : स्थलगत सर्वेक्षण २०७४*

माथिको तालिका अनुसार कक्षाकोठामा दृष्य सामग्री २० श्रव्य सामग्री ७, श्रव्य दृष्य सामग्री १, मुद्रित सामग्री ३ गरेर जम्मा ३१ आइटमका सामग्रीहरू पाइयो जस अनुसार सबै बालविकास केन्द्रहरूमा दृष्य सामग्रीहरूको संख्या बढी रहेको पाइयो । सिकाइ सामग्रीको किसिम अनुसार बाल सिकाइ सामग्रीको परिमाणात्मक स्थितिलाई तलको स्तम्भ चित्रमा देखाइएको छ ।

**चित्र १ : बालविकास केन्द्रमा रहेका सिकाइ सामग्रीहरूको विवरण**




*स्रोत : स्थलगत सर्वेक्षण (२०७४)*

शिक्षाविद् फ्रोवेल (१८२७) र मन्टेश्वरी (१९०७) को शैक्षिक धारणा अनुसार बालबालिकालाई प्रयोगात्मक तरिकाले स्वतन्त्र वातावरणमा स्व-सिकाइ गर्न दृष्य सामग्री मात्र पर्याप्त नहुने हुँदा भएका सामग्रीमा थप गरी सबै किसिमका सिकाइ सामग्रीहरूको पर्याप्त व्यवस्थापन गरिनु पर्दछ ।

**बसाई व्यवस्थापन**

एउटै कक्षा भित्र विभिन्न खालका केटाकेटीहरू रहने हुँदा उनीहरूको समावेशीतालाई ध्यानमा राखी सिकाइ क्रियाकलाप अनुसार बसाईको व्यवस्थापन गरिनुपर्दछ । कक्षाकोठाभित्र बालबालिकाहरूलाई ‘U’ आकार, ‘V’ आकार, वृत्ताकार, समुहगत, स्वतन्त्र आदि तरिकाले बसाउन सकिन्छ ।

छनौटमा परेका बालविकास केन्द्रहरूको बालबालिकाको बसाई व्यवस्थापनका तरिकाहरूलाई निम्न अनुसार प्रस्तुत गरिएको छ :

**तालिका ५ : बालविकास केन्द्रको बसाई व्यवस्थापन**

| क.सं | बा.वि.के.को बसाई व्यवस्थापन | बाल विकास केन्द्रको संख्या | उत्तरदाता |
|---|---|---|---|
| १ | गोलो, स्वतन्त्र | ३ | प्रधानाध्यापक |
| २ | लहरे, समूहगत स्वतन्त्र | १ | सहयोगी कार्यकर्ता |
| ३ | स्वतन्त्र, समूहगत | १ | विद्यार्थी |

*स्रोत : स्थलगत सर्वेक्षण (२०७४)*

माथिको तालिकाको आधारमा बाल विकास कक्षाहरूमा बालबालिकाहरूलाई आ-आफ्नै ढंगले राख्ने गरेको भए तापनि सबै बाल विकास केन्द्रले स्वतन्त्र बसाई व्यवस्थापनलाई जोड दिएको पाइएको छ। साथै बालविकास केन्द्रमा हिँडडुल गर्न सहज र सफा तथा उमेर अनुसारका फर्निचरको व्यवस्था गरेको पाइयो।

**सहयोगी कार्यकर्ताको अवस्था**

बाल विकास केन्द्रका बालबालिकाहरूलाई सहि मार्ग निर्देश गर्ने प्रमुख भूमिका सहयोगी कार्यकर्ताको रहन्छ। बालबालिकाहरू काँचो माटो भएकोले उनीहरूलाई कस्तो बनाउने भन्ने जिम्मा सहयोगी कार्यकर्ता मै रहेको हुन्छ। तसर्थ सहयोगी कार्यकर्ताको शैक्षिक योग्यता, तालिम, अनुभव, पारिश्रमिक आदिको बारेमा छनौटमा परेका बालविकास केन्द्रमा अध्ययन गरिएको छ। सहयोगी कार्यकर्ताबाट प्रश्नावली मार्फत प्राप्त तथ्यलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ६ : सहयोगी कार्यकर्ताको अवस्था**

| क्र.सं. | स.का.कोयोग्यता | स.का.को तालिम | स.का.को अनुभव | स.का.को पारिश्रमिक | स.का.को लैङ्गिक अवस्था |
|---|---|---|---|---|---|
| १ | बि.बि.एस | जि.शि.का मार्फत स्रोतकेन्द्रमा | ५ वर्ष | ६००० | महिला |
| २ | एस.एल.सी | जि.शि.का मार्फत स्रोतकेन्द्रमा | १३ वर्ष | ६००० | महिला |
| ३ | एस.एल.सी | जि.शि.का मार्फत स्रोतकेन्द्रमा | १२ वर्ष | ६५०० | महिला |
| ४ | आइ.एड. | जि.शि.का मार्फत स्रोतकेन्द्रमा | १० वर्ष | ६५०० | महिला |
| ५ | एस.एल.सी | जि.शिका मार्फत स्रोतकेन्द्रमा | ७ वर्ष | ६००० | महिला |

*स्रोत : विद्यालय अभिलेख (२०७४)*

उपर्युक्त तालिकाको आधारमा छनौटमा परेका बालविकास केन्द्रमा एस.एल.सी. भन्दा माथि बि.बि.एस सम्मको योग्यता भएको पाइयो । सबै सहयोगी कार्यकर्ताहरूले जिल्ला शिक्षा कार्यालयद्वारा प्रदान गरिने १६ दिने तालिम तथा अन्य तालिमहरू पनि लिएको पाइयो । सहयोगी कार्यकर्ताहरू सबै अनुभव प्राप्त नै भएको जसमा ३ देखि १५ वर्षसम्म अनुभवी सहयोगी कार्यकर्ताहरू रहेको पाइयो । यसरी नै सहयोगी कार्यकर्ताको पारिश्रमिकमा विविधता रहेको पाइयो । कतिपय बालविकास केन्द्रमा अतिरिक्त रकम थप गरी प्राप्त गर्ने गरेको पाइयो । सहयोगी कार्यकर्ताहरू सबै महिला रहेको पाइयो ।

**शैक्षिक सामग्रीको प्रयोगको अवस्था**

कक्षाकोठामा सिकाइ सामग्रीहरू पर्याप्त राख्दैमा सिकाइले पूर्णता प्राप्त गर्न सक्दैन । यसर्थ उपलब्ध भएका जे जति सामग्रीहरू छन् तिनीहरूको सही सदुपयोग गर्नुपर्दछ । छनौटमा परेका बालविकास केन्द्रको सिकाइ सामग्रीहरू बालबालिकाहरूले प्रयोग गरेको पाइयो । विशेषगरी शब्द पत्ति, अक्षर पत्तिको प्रयोग, प्लाष्टिक तथा काठका टुक्राहरू जोडेर विभिन्न आकृति निर्माण, कालोपाटी, सेतो पाटीमा बालबालिकालाई विभिन्न अंक अक्षर लेख्न

लगाउने गरेको तथा उनीहरूको स्वेच्छाले गुडियाहरू खेल्ने गरेको पाइए पनि शैक्षिक सामग्री प्रयोगको अवस्था न्यून देखियो । केही सिकाइ सामग्रीहरू प्रयोगमा ल्याइएको भएपनि केही सिकाइ सामग्रीहरू बाकसमा त्यसै राखिएको पाइयो ।

**दैनिक समय तालिका प्रयोगको अवस्था**

प्रारम्भिक बालविकास पाठ्यक्रम अनुसार १६ वटा दैनिक क्रियाकलापका लागि समय निर्धारण गरिएको छ । पाठ्यक्रमको उद्देश्य पूरा गराउनका लागि सबै क्रियाकलापहरूलाई दैनिक रुपमा सहयोगी कार्यकर्ताले गराउनु पर्दछ । नमूना छनौटमा परेका धेरै बालविकास कक्षाहरूमा यी क्रियाकलापहरू गर्ने गरेको पाइयो जसको प्रयोग गर्दा समय अवधिलाई भने ख्याल नगरेको पाइयो । विशेष गरी विभिन्न खेल, योजनाबद्ध क्रियाकलाप, खाजा, शौचालय, आराम, संगीत, अभिनय आदि क्रियाकलापहरू बालविकास केन्द्रले प्रयोग गर्ने गरको पाइयो । यसलाई तालिकामा निम्नानुसार देखाइएको छ :

**तालिका ७ : दैनिक समय तालिका प्रयोगको अवस्था**

| क.सं. | क्रियाकलाप | अवस्था | | |
|---|---|---|---|---|
| | | समय समयमा गरेको | दैनिक रुपमा गरेको | नगरेको |
| १ | विभिन्न खेल | १ | १ | १ |
| २ | योजनाबद्ध क्रियाकलाप | १ | २ | - |
| ३ | खाजा | - | ३ | - |
| ४ | शौचालय | ३ | - | - |
| ५ | आराम | २ | १ | - |
| ६ | संगीत/अभिनय | २ | १ | - |

*स्रोत : स्थलगत सर्वेक्षण (२०७४)*

**केन्द्र सञ्चालन तथा व्यवस्थापन**

प्रारम्भिक बालविकास कार्यक्रम पूर्व प्राथमिक विद्यालयको आधारशिला हो । बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक तथा मानसिक विकासका लागि प्रारम्भिक बालविकास महत्वपूर्ण छ । बालविकास केन्द्रमा आकर्षण बढाइ सही उमेरमा विद्यार्थी भर्ना गरी साधन स्रोतको प्रयोग गरी गुणात्मक उपलब्धि प्राप्तिका लागि एक्लो प्रयास असम्भव छ । यसको व्यवस्थापनका लागि शिक्षक, विद्यार्थी, अभिभावक, समाजसेवी तथा स्थानीय सरोकारवालाहरू सबैको चासो हुनुपर्दछ । एक हातले ताली बज्दैन भने झै बालविकास केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि एक्लो प्रयास असम्भव छ ।

यस अध्ययनको क्रममा प्रारम्भिक बालविकास केन्द्र सञ्चालनका क्रममा अधिक प्रशासनिक तथा अभिलेख व्यवस्थापन सम्बन्धी स्रोतव्यक्ति, विद्यालय व्यवस्थापन समिति अध्यक्ष तथा प्रधानाध्यापकलाई तयार पारिएको प्रश्नावलीका आधारमा विवरण प्रस्तुत गरिएको छ ।

**आर्थिक पक्ष**

बालविकास केन्द्रलाई सही ढंगले सञ्चालन गर्ने आर्थिक पक्षको महत्वपूर्ण भूमिका रहेको हुन्छ । ३ वटै बालविकास केन्द्रमा जिल्ला शिक्षा कार्यालयबाट आएको रकममा विद्यालयको आफ्नै स्रोतबाट प्राप्त रकम थपेर बालविकास केन्द्र सञ्चालन गरेको पाइयो । जिल्ला शिक्षा कार्यालयले खाजाको लागि रकमको व्यवस्था गरेदेखि विद्यालयले खाजा खुवाएको पाइयो । विद्यार्थीहरूका लागि आवश्यक ड्रेस तथा अध्ययन सामग्री सबै बालविकास केन्द्र विद्यालयबाटै प्रदान गर्ने गरेको पाइयो भने खेलकुद तथा मनोरञ्जनका सामग्री विद्यालयमा मात्र पर्याप्त पाइयो । २ वटाको अवस्था कमजोर रहेको पाइयो । विद्यार्थीहरूको स्वास्थ्य परीक्षणको सुविधा पनि न्यून रहेको पाइयो ।

**प्रशासनिक पक्ष**

विद्यालयद्वारा सञ्चालित बालविकास केन्द्रको सम्पूर्ण प्रशासनिक पक्ष विद्यालयद्वारा नै सञ्चालन गरेको पाइयो । बालविकास केन्द्र सञ्चालनका लागि विद्यालयकै विद्यालय

व्यवस्थापन समिति, शिक्षक, अभिभावक संघ तथा प्रधानाध्यापकको प्रमुख जिम्मेवारी रहेको पाइयो । विद्यालयद्वारा सञ्चालित बालविकास केन्द्रको प्रशासनिक पक्षलाई तलको चक्रमा देखाइएको छ ।

**अभिलेख व्यवस्थापन**

विद्यालयद्वारा सञ्चालित प्रारम्भिक बालविकास केन्द्रको एउटा महत्वपूर्ण पक्ष अभिलेख व्यवस्थापन हो । विद्यार्थीहरूको दैनिक उपस्थिति, व्यक्तिगत विवरण, विभिन्न विधामा भएको प्रगति विवरण, बालविकासकेन्द्रबाट कक्षा १ मा प्रवेश गर्ने विद्यार्थी विवरण, बालविकास केन्द्रमा कक्षा दोहोऱ्याउने विद्यार्थी विवरण तथा बीचैमा कक्षा छाड्ने विद्यार्थी विवरण आदिको व्यवस्थापन महत्वपूर्ण हुन्छ । छनौटमा परेका बालविकास केन्द्रहरूको अध्ययन गर्दा बालविकास केन्द्रको बालबालिकाको अभिलेख व्यवस्थापन पक्ष कमजोर रहेको पाइयो । सबै बालविकास केन्द्रमा विद्यार्थी विवरण र हाजिरी राखिए तापनि अन्य विवरणलाई व्यवस्थित ढंगले राखिएको पाइएन ।

**तालिका ८ : अभिलेख व्यवस्थापन**

| क्र.सं. | विवरण | राख्ने गरेको | राख्ने नगरेको |
|---|---|---|---|
| १ | दैनिक उपस्थिति | ५ | - |
| २ | प्रगति विवरण | ३ | २ |
| ३ | कक्षा १ मा प्रवेश गर्ने | ४ | १ |
| ४ | बीचैमा कक्षा छाड्ने | ३ | २ |
| ५ | व्यक्तिगत विवरण | ३ | २ |
| ६ | पारिवारिक अवस्था | ४ | १ |

*स्रोत : स्थलगत सर्वेक्षण (२०७४)*

**सरोकारवालाहरू**

विद्यालयद्वारा सञ्चालित प्रारम्भिक बालविकास केन्द्रमा प्राय केन्द्र व्यवस्थापन उपसमितिको गठन भएको पाइदैन तसर्थ बालविकास केन्द्र व्यवस्थापनको लागि सहयोगी कार्यकर्ता, विद्यालय व्यवस्थापन समिति, अध्यक्ष र प्रधानाध्यापक जिम्मेवार हुन्छ । बालविकास केन्द्र सञ्चालनमा प्राप्त हुने आर्थिक स्रोतको खोजी र प्राप्त आर्थिक स्रोतको सदुपयोगको लागि पनि सरोकारवालाको सहभागिता तथा सक्रियता जरुरी हुन्छ ।

यस सम्बन्धमा गरिएको अध्ययन अनुसार बाल विकास केन्द्रमा स्रोत व्यक्ति, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, पदाधिकारी, अभिभावकहरूबाट केन्द्रको अनुगमन निरीक्षण कम मात्र गर्ने गरेको पाइएको छ । यसैगरी केन्द्रको संख्यात्मक विकास भएपनि गुणात्मक विकासमा पहल गर्न अभिभावक, व्यवस्थापन समिति, सरकारी निकाय तथा अन्य सरोकारवालाहरूको समन्वय कम मात्र हुने गरेको पाइएको छ । प्रारम्भिक बालविकास केन्द्रको व्यवस्थापनमा संलग्न सरोकारवालाहरूका सम्बन्धमा विभिन्न पक्षबाट प्राप्त प्रतिक्रियाहरूलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ९ : बालविकास केन्द्रका सरोकारवालाहरू**

| क्र.सं. | उत्तरदाता | सरोकारवाला निकाय |
|---|---|---|
| १ | स्रोतव्यक्ति | सरकारी निकाय, विद्यालय व्यवस्थापन समिति, अभिभावक, सहयोगी कार्यकर्ता, प्रधानाध्यापक, विभिन्न संघ संस्था तथा क्लबहरू |
| २ | प्रधानाध्यापक | व्यवस्थापन समिति, स्थानीय समाजसेवी, चन्दादाता, राजनैतिक दल, सरकारी-गैरसरकारी निकाय, सहयोगी कार्यकर्ता, बुद्धिजीवी |
| ३ | सहयोगी कार्यकर्ताहरू | बुद्धिजीवी, शिक्षक, विद्यार्थी, अभिभावक, व्यवस्थापन समिति |

उपर्युक्त तालिका अनुसार प्रारम्भिक बालविकास केन्द्रमा सरकारी निकाय, गैरसरकारी निकाय, स्थानीय समाजसेवी तथा बुद्धिजीवी, व्यवस्थापन समिति, प्र.अ., सहयोगी कार्यकर्ता तथा अभिभावकहरूको प्रमुख भूमिका रहने कुरा प्रष्ट भएको छ । अध्ययन गरिएका विद्यालयहरूमा वालविकास केन्द्रको अवस्था ५ मध्ये २ वटाको अत्ति उत्तम व्यवस्थापन पाइयो र अरु ३ वटा विद्यालयको वालविकास केन्द्र संख्या ३ भन्दा बढी रहेको र व्यवस्थापन सन्तोषजनक अवस्थाको पाइयो । यसरी समग्रमा विद्यालयको बालविकास केन्द्रको वर्तमान अवस्था अन्तर्गत भौतिक अवस्था, फर्निचर, खेलमैदान, बगैंचा, शौचालय र पिउने पानीको व्यवस्था सन्तुलित नै रहेको पाइयो ।

## ४.२ बालविकास केन्द्रको लागि निर्धारित नीति र प्रयोगको अवस्था

प्रारम्भिक बालविकास केन्द्रमा आउने बालबालिकालाई ४ देखि ४.५ घण्टा दैनिक राखिने हुँदा उनीहरूका लागि कक्षाकोठामा दैनिक रुपमा विभिन्न क्रियाकलापहरू गराउनु पर्दछ । बालविकास केन्द्रमा रहने बालबालिकाहरूका लागि सन्तुलित शारीरिक विकासका क्रियाकलापहरू, सामाजिकीकरणका क्रियाकलापहरू, सिर्जनात्मक प्रतिभा प्रस्फुटन गर्ने क्रियाकलापहरू, स्वाबलम्बी बन्ने क्रियाकलापहरू तथा पूर्व विद्यालय शिक्षा क्रियाकलापहरू नितान्त आवश्यक छन् । भौतिक तथा व्यवस्थापन पक्ष मात्र मजबुद भएर हुँदैन यसको सँगसँगै बालबालिकालाई यी विभिन्न क्रियाकलापहरू गराउनु पर्दछ अनि मात्र गुणात्मक नतिजा आउँछ ।

### सन्तुलित शारीरिक विकासका क्रियाकलापहरू

प्रारम्भिक बाल विकास केन्द्रका बालबालिकाको सन्तुलित शारीरिक विकास गर्नका लागि विभिन्न किसिमका शारीरिक क्रियाकलापहरू गरेको पाइयो । यस अन्तर्गत अभिनयमूलक कथा, गीत, नाटक जस्ता क्रियाकलापहरू सञ्चालन गर्ने गरेको पाइयो । यसका साथै सामान्य शारीरिक व्यायामहरू जस्तै निहुरिने, फर्कने, अगाडि बढ्ने, गोडा चाल्ने जस्ता क्रियाकलापहरू तथा सन्तुलन कायम गर्नुपर्ने क्रियाकलापहरू जस्तै सियोमा धागो छिराउने,

ढुङ्गाहरू एकमाथि अर्को गरेर राख्ने शब्द तथा चित्रहरू जोड्ने आदि क्रियाकलाप समेत सञ्चालन गर्ने गरेको पाइयो ।

.

**सामाजिकीकरणका क्रियाकलापहरू**

नमूना छनौटमा परेका बालविकास केन्द्रहरूमा बालबालिकामा सामाजिक भावनाको विकास गराई उनीहरूको सामाजिकीकरण प्रक्रियालाई तिव्रता दिनका लागि सामूहिक क्रियाकलापहरू सञ्चालन गर्ने गरेको पाइयो । यस अन्तर्गत अभिनयमूलक सामूहिक गीत, नृत्य, कथा भन्ने, विभिन्न सामूहिक खेल (रुमाल लुकाई, कपर्दी, चोर पुलिस) हरू सञ्चालन गर्ने गरेको पाइयो ।

**सिर्जनात्मक प्रतिभा प्रस्फुटन गर्ने क्रियाकलापहरू**

नमूना छनौटमा परेका बालविकास केन्द्रहरूमा बालबालिकामा सिर्जनात्मक प्रतिभाको प्रस्फुटन गराउन विभिन्न क्रियाकलापहरू सञ्चालन गर्ने गरेको पाइयो । यस किसिमका क्रियाकलापहरूमा चित्र बनाउने, काठ वा ढुङ्गाका विभिन्न आकृति बनाउने, बोर्ड तथा कापीमा विभिन्न आकृतिहरू कोर्न लगाउने, गीत कथा भन्न लगाउने जस्ता क्रियाकलापहरू सञ्चालन गर्ने गरेको पाइयो ।

**स्वावलम्बी बन्ने क्रियाकलापहरू**

बालबालिकाहरूलाई स्वावलम्बी भई भावी जीवनमा सफल बन्न अभिप्रेरित गर्नका लागि छनौटमा परेका बालविकासमा व्यक्तिगत सरसफाइका क्रियाकलापहरू, आफ्ना सामग्रीको हिफाजत गर्ने क्रियाकलापहरू, आफ्ना सामग्री मिलाएर राख्ने क्रियाकलापहरू सञ्चालन गर्ने गरेको पाइयो ।

**पूर्व विद्यालय शिक्षा कार्यक्रमहरू**

नमूना छनौटमा परेका बालविकास केन्द्रहरूमा बालबालिकालाई विद्यालयको औपचारिक शिक्षा ग्रहण गर्नका लागि तयार पार्ने विभिन्न क्रियाकलापहरू सञ्चालन गर्ने गरेको पाइयो । यस किसिमका क्रियाकलाप अन्तर्गत चित्र बनाउने, रेसाहरू कोर्ने, विभिन्न अक्षरहरू पढ्ने र लेख्ने, बोल्न सिकाउने, गन्ती गर्ने, समूह मिलाउने, मिश्रणबाट फरक-फरक वस्तुहरू छुट्याउने स्मरण गर्ने जसता क्रियाकलापहरू सञ्चालन गरेको पाइयो । यसरी विद्यालयमा आधारित नीति तथा प्रयोगको सहि कार्यान्वयनले सिकाइ कार्यमा सकारात्मक प्रभाव पाऱ्यो अन्यथा वालविकास केन्द्र प्रभावकारी नहुने कुरा प्रष्ट देखियो ।

## ४.३ प्रारम्भिक बालविकास कार्यक्रममा देखा परेका समस्याहरू

प्रारम्भिक बाल्यवस्थाका बालबालिकाहरूमा सामाजिक, बौद्धिक, शारीरिक र संवेगात्मक पक्षको विकास गरी राष्ट्रका कर्णाधारहरूको हकहित संरक्षण एवं आधिकारिक संबर्द्धन गर्न तथा वातावरणीय सामन्जस्य कायम गर्दै बाँच्नका लागि सामाजिक रुपमा घुलमिल हुने, आधारभूत सीपको विकास गर्ने उद्देश्यले सञ्चालन गरिएको प्रारम्भिक बालविकास कार्यक्रम बालबालिकाको सर्वाङ्गिण विकासमा प्रभावकारी देखियो । तथापी यो कार्यक्रम सञ्चालन गर्न त्यति सजिलो छैन । अध्ययनमा परेका ६ वटा बालविकास केन्द्रको व्यवस्थापन र सञ्चालनका समस्याहरूलाई विभिन्न उत्तरदाताहरूबाट प्राप्त प्रतिक्रियाहरू र कक्षाकोठा अवलोकनबाट प्राप्त विवरण र सूचनाका आधारमा निम्नानुसार प्रस्तुत गरिएको छ :

**भौतिक व्यवस्थापन सम्बन्धी समस्याहरू**

विद्यालयमा आधारित प्रारम्भिक बालविकास केन्द्रको १ वटा भवनमा कार्पेट तथा भित्तामा रङरोगन गरेको छैन । एउटा बालविकास केन्द्रको झ्यालको पल्ला लगाइएको छैन । पुरानो भवनमा केन्द्र सञ्चालन गरिएको छ । सिलिङ तथा फेनको व्यवस्था गरिएको छैन । १ वटा बालविकास केन्द्रमा ऱ्याक र दराज राखिएको पाइएन । सबै बालविकास केन्द्रमा विद्यालयकै खेलमैदान बालबालिकाले प्रयोग गर्ने गरेको हुँदा बालबालिकालाई स्वतन्त्र रुपमा खेल्न बाधा

पुगेको देखियो । २ वटा बालविकास केन्द्रमा फुलबारी तथा बगैंचा नभएको पाइयो । बालविकास केन्द्रका लागि शौचालयको पनि समस्या देखियो ।

२ वटा विद्यालयमा अवस्था राम्रो भएपनि १ वटा विद्यालयमा बालबालिकाले टाढा शौचालय जानुपर्ने देखियो । पानीको व्यवस्था नभएको तथा बालमैत्री ढंगले व्यवस्थापन नगरिएको पाइयो । यसैगरी बालबालिकाले पिउने पानीको पनि राम्रो व्यवस्था नभएको पाइयो । बालविकास केन्द्रमा रहेका विद्यार्थीहरूलाई छुट्टै धारा नभएको ट्याङ्कीको पानी फिल्टर नगरी प्रयोग गर्ने गरेको जस्ता समस्याहरू देखियो । टेबल कुर्सीको अभाव देखियो । कक्षाकोठा हावादार छैनन् । गर्मीमा शितल र जाडोमा न्यानो राख्ने वैकल्पिक व्यवस्था भएको पाइएन ।

**केन्द्र कोठाको व्यवस्थापन सम्बन्धी समस्याहरू**

बालविकास केन्द्रमा कक्षाकोठा भित्र, भाषा, विज्ञान, गणित तथा सिर्जनात्मक क्षेत्रको व्यवस्थापन गरिएको पाइएन । २ वटा विद्यालयमा खेल सामग्री तथा सिकाइ सामग्रीहरूलाई व्यवस्थित तरिकाले प्रयोग नगरेको पाइयो । विद्यार्थीहरूलाई आराम तथा सुत्नका लागि खाटको प्रयोग नभएको पाइयो । सिकाइ क्षेत्र अनुसार सिकाइ सामग्रीहरू सजावट गरिएको पाइएन ।

**सिकाइ क्षेत्र व्यवस्थापनको समस्या**

२ वटा बालविकास केन्द्रमा जिल्ला शिक्षा कार्यालयले दिएका शैक्षिक सामग्री बाहेक विद्यालयले कुनै शैक्षिक सामग्रीहरू खरीद नगरेको पाइयो । साथै सहयोगी कार्यकर्ताले पनि शैक्षिक सामग्री सीमित मात्र प्रयोग गरेको पाइयो । बालविकास केन्द्रमा पर्याप्त मात्रामा खेल सामग्रीहरूको अभाव देखियो । बालविकास कार्यक्रमको सिकाइ सिद्धान्त अनुसार बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक, सामाजिक तथा संवेगात्मक विकासका लागि विविधतायुक्त सिकाइ सामग्रीको अभाव देखियो । स्थानीय स्रोत र साधनबाट कम मूल्यमा निर्माण गर्न सकिने तथा मूल्य नपर्ने सिकाइ सामग्रीको अवस्था न्यून देखियो । दृष्य

सामग्रीको तुलनामा अन्य सामग्रीको अवस्था न्यून देखियो । सबै बालविकास केन्द्रको बसाइ व्यवस्थापन पक्ष सामान्य रहेको पाइयो । उपर्युक्त फर्निचर अभावका कारण बालबालिकाहरूलाई स्वतन्त्र रुपमा राख्ने गरेको पाइयो । प्रारम्भिक बालविकास पाठ्यक्रम अनुसारका दैनिक क्रियाकलाप सञ्चालन गर्दा समयावधिको ख्याल नगरेको पाइयो ।

**सहयोगी कार्यकर्ताहरूको समस्या**

कलिला बालबालिकाहरूको बाल मनोविज्ञानलाई बुझेर शिक्षण गर्दा मात्र बालबालिकाको सिकाइ अर्थपूर्ण हुन्छ । छनौटमा परेका बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरूलाई पुर्नताजगी तालिमको अभाव छ । नमूना छनौटमा परेका बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरूले काम गरेबापत पाइने पारिश्रमिकले आफ्नो जीवन निर्वाह हुन नसक्ने चिन्ताले ग्रस्त भइरहँदा बालबालिकाहरूको विकासमा दत्तचित्त भई लागिपर्न नसकिएको कुरा सहयोगी कार्यकर्ताले बताएका छन् । सहयोगी कार्यकर्तालाई दिइने पारिश्रमिक न्यून भएका कारण प्रारम्भिक बालविकास कार्यक्रमको कार्यान्वयन पक्षमा गम्भिर संकट देखा परेको पाइयो ।

**आर्थिक चुनौती**

प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालनमा आर्थिक अभाव एक टड्कारो समस्याको रुपमा उभिएको छ । सहयोगी कार्यकर्ताको पारिश्रमिक ६००० र शैक्षिक सामग्री खरिद गर्न रु १००० जिल्ला शिक्षा कार्यालयले प्रदान गर्ने रकम अत्यन्त न्यून रहेको सहयोगी कार्यकर्ताले जनाएका छन् । केही बालविकास केन्द्रलाई गाउँ विकास समिति तथा अन्य निकायले आर्थिक सहयोग प्रदान गरे पनि अन्य बालविकास केन्द्रमा सम्पूर्ण कार्यक्रम सञ्चालन खर्च विद्यालयकै श्रोतबाट व्यहोर्दै आएको पाइएको छ ।

**निरीक्षण, सुपरीवेक्षण तथा मूल्याङ्कन र अनुगमनको अभाव**

प्रारम्भिक बालविकास कार्यक्रममा बालबालिकाहरूको चौतर्फी विकासका लागि सञ्चालन गरिने क्रियाकलापहरू कति प्रभावकारी भएका छन् या छैनन् । सहयोगी कार्यकर्ता नियमित

उपस्थित भएर पाठ्यक्रममा निर्दिष्ट भए बमोजिमका क्रियाकलापहरू सञ्चालन गर्न के कस्ता कठिनाइहरूको सामना गर्नु परेको छ, त्यसलाई कसरी सुधार गर्न सकिन्छ तथा बालविकास केन्द्रको भौतिक अवस्था उपयुक्त छ या छैन भन्ने सम्बन्धमा सम्बन्धित निकायले निरीक्षण, सुपरीवेक्षण तथा मूल्याङ्कन र अनुगमन गरी कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्न समस्या परेको देखिन्छ । समय-समयमा अनुगमन भए पनि नियमित रुपमा अनुगमनको अभाव रहेको पाइयो । साथै सरोकारवालाहरूको समन्वयको अभाव रहेको हुँदा गुणात्मक विकासमा बाधा आएको देखियो ।

**अभिलेख व्यवस्थापनको समस्या**

छनौटमा परेका बालविकास केन्द्रका विद्यार्थीहरूको हाजिरी राखेको भए तापनि उनीहरूको व्यक्तिगत विवरण, पारिवारिक अवस्था, बालविकास केन्द्रबाट बीचैमा छाड्ने, कक्षा दोहोऱ्याउने, बालविकास केन्द्रबाट कक्षा १ मा भर्ना हुने जस्ता विवरण राखिएको पाइएन ।

यसरी प्रारम्भिक वालविकास केन्द्रमा देखिएका समस्याहरूको समयमा नै पहिचान गरी उक्त समस्याहरूको समाधान तर्फ सम्वन्धित सरोकारवाला लाग्नु पर्ने देखिन्छ ।

# परिच्छेद पाँच : निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

सामुदायिक विद्यालयमा आधारित बालविकास केन्द्रको व्यवस्थापनको वर्तमान अवस्थालाई यस शोधपत्रमा देखाउन खोजिएको छ । प्राप्त गरेका सूचना, जानकारी अवलोकन र तथ्याङ्कको आधारका विभिन्न तह र विषयमा गरेको छलफल र विश्लेषणबाट निम्न लिखित निष्कर्ष निकालिएको छ ।

सामुदायिक विद्यालयमा आधारित प्रारम्भिक बाल विकास केन्द्रको कोठा, पिउने पानी, शौचालय सफा पाए पनि खेल मैदान, नियामित पठन-पाठन, निरन्तर रेखदेख, दैनिक निरीक्षण, सामाजिकीकरण, गरेर सिक्ने वानीको विकास, जस्का पक्षसँग विद्यालय बढी नै अगाडि रहेको देखिन्छ अर्था व्यवस्थापन भएको नै देखिन्छ । अभिभावकको चासो, सवै जातजातिका विद्यार्थीहरूको विद्यालयमा पहुँच, भित्तामा रंगरोगन र सान्दर्भिक लेखन कार्य, विद्यालयमा व्यवस्थित छ यद्यपी सुधार गर्नुपर्ने पक्षहरु धेरै छन् । विद्यार्थीहरूका लागि गरिने शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक विकासका क्रियाकलापहरू दैनिक कार्य तालिका अनुसार विद्यालय केही हदसम्म गरेको पाइए पनि यो पर्याप्त नभएको देखिन्छ । विद्यार्थीको मनोभावना अनुसार क्रियाकलाप हुनु पर्नेमा शिक्षकले बाल सहयोगी कार्यकर्ताले जे बुझेको छ त्यसै अनुसार गरिएको हुनाले यसलाई सुधार गरी बालकेन्द्रित शिक्षण विधिलाई अपनाउनु पर्ने देखिन्छ । सहयोगी कार्यकर्ताले पाउने पारिश्रमिकमा वृद्धि भए तापनि कामको आधारमा पारिश्रमिक पर्याप्त नभएको देखिन्छ । सरकारले यस तर्फ ध्यान दिई विद्यालयमा कार्यक्रमसँग मिल्ने गरी काम गर्दै जानु पर्दछ ।

त्यसरी नै अभिभावक शिक्षण संस्थाका खम्वा हुन् । उनीहरूको विद्यालयसँग नजिकको सम्वन्ध स्थापित हुनु पर्दछ । तर विद्यालयले समुदायसँग समन्वय गरी व्यवस्थापनलाई ध्यान दिने पक्षमा भने आवश्यकता खडि्कयो । यसलाई सुधार गर्नु पर्ने देखिन्छ ।

सरकारले बालविकास केन्द्रमा लगानी बढाएर सबै बालकक्षालाई व्यवस्थित तरिकाले सञ्चालन गर्न सके, सरोकारवालाहरूलाई विद्यालयमा आकर्षण बढाउन सके, सहयोगी कार्यकर्तालाई तलव वढाएर प्रेरणा बढाउन सके, बालविकास केन्द्रको निरन्तर अनुगमन र मूल्याङ्कन गर्ने गरेमा यस्को भविष्य उज्ज्वल देख्न सकिने अध्ययनबाट पाइयो । यदि यसो नगरिएमा महंगो शुल्क तिरेर निजी मन्टेश्वरीहरुमा बालबालिका पठाउन अभिभावक वाध्य छन् । त्यसैले यसतर्फ विद्यालय, जिल्ला शिक्षा कार्यालय, लगायत सरोकारवालाको ध्यान जानु जरुरी भएको कुरा विश्लेषणको निष्कर्ष हो ।

## ५.२ सुझावहरू

विद्यालयमा आधारित बाल विकास केन्द्रको अध्ययनबाट प्राप्त निष्कर्ष र परिणामलाई विश्लेषण गर्दा सामुदायिक विद्यालयमा आधारित बालविकास कार्यक्रमहरूलाई अझ बढी प्रभावकारी बनाउन र अभिवृद्धि गर्न बालविकास केन्द्र व्यवस्थापनका लागि तपसिलका सुझाव प्रस्तुत गरिएको छ ।

### ५.२.१ नीति निर्माण तह

३ देखि ५ वर्ष उमेर समूहको लागि सञ्चालित प्रारम्भिक बाल विकासको कार्यक्रमको स्तर, प्रभावकारिता र पहुँच अभिवृद्धि गर्न नीति निर्माण तहका लागि तपशिलका उल्लेखित सुझाव प्रस्तुत गरिएको छ ।

प्रारम्भिक बालविकास केन्द्रको समग्र व्यवस्थापन र सहयोगी कार्यकर्ताका लागि प्रदान गरिदै आएको सरकारी अनुदानमा वृद्धि गर्नु पर्दछ ताकि बालविकास केन्द्रका लागि आवश्यक पर्ने शैक्षिक सामग्रीहरू, शौचालय, पिउने स्वच्छ पानी, उपर्यूक्त वातावरण सहितका कक्षा कोठा चिसो र गर्मीबाट राहत दिने व्यवस्था गर्न सहयोग पुग्न सकोस् ।

प्रारम्भिक बाल विकासका कक्षा विद्यालयमा मात्र सञ्चालन गर्न सरकारी तहबाट सार्वजनिक सूचना जारी गर्नु पर्ने ।

प्रारम्भिक बालविकास केन्द्रका लागि आवश्यक पर्ने भौतिक सुविधा, फर्निचर, अनिवार्य व्यवस्थापनका लागि वा भनौ भौतिक पूर्वाधार विकासका लागि स्थानीय विकास, सरोकारवालालाई समेत सामेल गराइने नीति निर्माण गरी सरकारी तवरबाट लागू गरिनु पर्दछ । बालविकास केन्द्र व्यवस्थापन गर्दा बालबालिकाको मानसिक विकासमा टेवा पुग्ने मनोरञ्जनका साधनहरू व्यवस्थापन गर्ने पक्षलाई ध्यान दिई नीति निर्माण गरी लागु गर्नु आवश्यक छ ।

### ५.२.२ कार्यान्वयन तह

बालविकास केन्द्रको कार्यक्रमहरू व्यवस्थापनलाई प्रभावकारी रूपमा सुदृढ बनाउन कार्यान्वयन तहका लागि तपशीलको सुझाव प्रस्तुत गरिएको छ :
प्रारम्भिक बालविकास केन्द्रलाई मजबुद बनाउन विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, प्रधानाध्यापक, शिक्षक, समाजसेवी, चन्दादाता, बुद्धिजीवि, राजनैतिक दल सबैको प्रयासमा समन्वय गराउनु पर्छ ।

सहयोगी कार्यकर्ताको मनोवल बढाउन र शिक्षण सिकाइमा समर्पित गराउन सेवा सुविधा तथा पूनर्ताजगी तालिम र सेवाकालिन तालिमको प्रवन्ध मिलाउनु पर्दछ ।

विद्यालयप्रति सरोकारवालाको पहुँच बढाउन र आकर्षण गर्न अभिभावकको पहुँच बढाउँदै अभिभावकहरूलाई शिक्षा प्रदान गर्ने कार्यको थालनी गर्नु पर्दछ ।

विशेषतः प्रारम्भिक बाल विकास केन्द्रको भौतिक तथा शैक्षिक समस्याहरूको न्युनिकरण गर्न अनुगमन र निरीक्षणलाई नियमित गर्नु पर्दछ ।

विद्यालयले प्रारम्भिक बालविकास केन्द्रका लागि तय गरेका सम्पूर्ण बाल विकास सम्वन्धी कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको जानकारी लिन र सुधार गर्न जिल्ला शिक्षा कार्यालय, स्रोत केन्द्रसँग समन्वय गरी एउटा संयन्त्र बनाई अनुगमन निरीक्षण गर्नुपर्दछ ।

प्रारम्भिक बाल विकास केन्द्रमा हुने भर्ना दरलाई उच्च बनाउन विद्यालयहरूले भर्ना अभियानको कार्यक्रमलाई आम मानिस बीचमा लैजानु पर्दछ ।

विद्यालयमा आमा समूह बनाई कम्तिमा तीन महिनामा एक पटक हुने गरी बालबालिकाका अभिभावकसँग अन्तरक्रिया छलफलको कार्य निरन्तर रूपमा गरिनु पर्दछ । जसले बालबालिकामा अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गराउँदै उनीहरूको मानसिक, शारीरिक, बौद्धिक र संवेगात्मक विकासका लागि अग्रसर र जिम्मेवार हुनुपर्दछ ।

**५.२.३ अनुसन्धान तह**

प्रारम्भिक बाल शिक्षा कार्यक्रमका लागि नीति निर्माण तह, कार्यान्वयन तह, अभिभावकको तहबाट थप अनुसन्धान गर्न तपसिलका सुझाव प्रस्तुत गरिएको छ :
विद्यालय तथा समुदायमा आधारित बालविकास केन्द्रलाई नीतिगत रूपमा विद्यालयमा मात्र संचालन गर्दा हुने असरका बारेमा अनुसन्धान गरिनु पर्छ ।

बाल विकास केन्द्रमा भैरहेको प्रगति र सुधार लागि चलिएका कदमहरूको मूल्याङ्कनको विषय बनाइ अनुसन्धान गर्नु पर्दछ र आएको निष्कर्षले नयाँ नीति कार्यक्रम गर्न टेवा पुग्ने देखिन्छ ।

बाल विकास केन्द्रमा शिक्षण सिकाइ क्रियाकलापमा भैरहेको परम्परागत सिकाइ प्रक्रियालाई परिवर्तन गरी आधुनिक शिक्षण सिकाइलाई विद्यालयमा कसरी प्रभावकारी रूपमा प्रवेश गराउन सकिन्छ यस विषयलाई गम्भिरताका साथ उठाउन अनुसन्धान गरिनु पर्दछ ।

सामुदायिक विद्यालयमा सञ्चालित बालविकास कार्यक्रमलाई अरु व्यवस्थित गर्न अन्य क्षेत्रमा भएका प्रयासलाई अनुसरण गरी विद्यालयको कार्यक्रममा समाहित गर्ने सन्दर्भमा खोज तथा अनुसन्धान गरी त्यसलाई नीति नियम बनाइ कार्यान्वयन गर्नु अति उपयुक्त देखिन्छ ।

# सन्दर्भ सामग्री


कोइराला, सीताराम, (२०६२), *शिक्षा प्रशासनका आयामहरू*।

गौतम, नवराज, (२०६३), *प्रारम्भिक बालशिक्षा कार्यक्रमले बालबालिकाहरूको सिकाइमा पारेको प्रभाव* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रि.वि. शिक्षाशास्त्र संकाय, कीर्तिपुर ।

गौतम, बाबुराम, (२०७०), *बालविकास केन्द्रको व्यवस्थापनमा सरोकारवालाहरूको सहभागिता र परिचालन के किन र कसरी ?* एक अध्ययन, जिल्ला शिक्षा कार्यालय, ललितपुर ।

गौतम, बाबुराम, (२०६८), *ललितपुरमा पूर्व प्राथमिक शिक्षाको अवस्था, चुनौति तथा सम्भावना एक अध्ययन,* जिल्ला शिक्षा कार्यालय ललितपुर ।

न्यौपाने, राम, (२०६३), *पूर्व प्राथमिक पाठ्यक्रम कार्यान्वयनको अवस्था एक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोध पत्र, त्रि.वि. शिक्षाशास्त्र संकाय

पौड्याल, तेजस्वी, (२०६६), *प्रारम्भिक बालविकास कार्यक्रमको प्रभावकारिता* (अप्रकाशित स्नातकोत्तर शोधपत्र) मोरङ बहुमुखी क्याम्पस ।

बालकेन्द्रित सिकाइ प्रक्रिया, (२०६७), *शिक्षकका लागि अध्ययन एवं सिकाइ सामाग्री,* काठमाण्डौ : सामुदायिक विकास प्रवर्द्धन केन्द्र ।

मैनाली, गोपीनाथ, (२०६०), *नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरू,* काठमाण्डौ : मकालु प्रकाशन पुतली सडक ।

रेग्मी, मुरारीप्रसाद, श्रेष्ठ, रीता, (२०६१), *कक्षाकोठाहरूमा मनोविज्ञान,* काठमाण्डौ : न्यू हिरा बुक्स इन्टरप्राइजेज, कीर्तिपुर ।

विद्यालय क्षेत्र सुधार योजना (२०६७-०७२), नेपाल सरकार, शिक्षा मन्त्रालय ।

शिक्षा ऐन, २०५९ तथा शिक्षा नियमावली २०५९ (संसोधन सहित), भोटाहिटी काठमाडौं, आशिष पुस्तक भण्डार ।

शिक्षा विभाग, (२०६२), *बालमैत्री विद्यालय, शिक्षा प्रशिक्षण पुस्तिका,* सानोठिमी भक्तपुर : लेखक ।

शिक्षा विभाग, (२०६७), *प्रारम्भिक बालविकास केन्द्रको न्युनतम मार्गदर्शक पुस्तिका २०६७,* भक्तपुर : शिक्षा विभाग ।

शिक्षा विभाग, (२०६९), *Flash 1 Report 2013*। भक्तपुर शिक्षा विभाग ।

सुनुवार, योन्देन, (२०६६), *समुदाय र विद्यालयमा आधारित बालविकास केन्द्रको कक्षाकोठा व्यवस्थापन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर ।

# सामुदायिक विद्यालयमा सञ्चालित बालविकास केन्द्र व्यवस्थापन

## अनुसूचि-१

## स्रोत व्यक्तिका लागि अन्तर्वार्ता प्रश्नावली

स्रोतव्यक्तिको नाम :

ठेगाना :

स्रोतकेन्द :

१. तपाईंले अनुगमनको क्रममा बालविकास केन्द्रको भौतिक व्यवस्थापन कस्तो पाउनु भयो ?

| भौतिक पक्षहरु | अति उत्तम | उत्तम | मध्यम | न्यून | सुधार गर्नुपर्ने |
|---|---|---|---|---|---|
| कक्षाकोठा | | | | | |
| फर्निचर | | | | | |
| खेलमैदान | | | | | |
| बगैचा (फुलवारी) | | | | | |
| शौचालय | | | | | |
| पिउनेपानी | | | | | |

२. सहयोगी कार्यकर्ताले बालबालिकाका लागि कक्षा कोठामा के कस्ता क्रियाकलापहरु गराएको पाउनु भयो ?

क.................. ख).................. ग) .................. घ).......................

३. बालविकास केन्द्रमा शैक्षिक सामग्रीको अवस्था कस्तो पाउनु भयो ?

(क) पर्याप्त (ख) मध्यम (ग) न्यून

४. प्राप्त शैक्षिक सामग्रीहरू प्रयोगको अवस्था कस्तो पाउनुभयो ?

क) अति उत्तम (ख) उत्तम (ग) मध्यम (घ) न्युन

५. बालविकास केन्द्र कोठाको वातावरण सम्बन्धमा यहाँको विचार ?

.........................................................................................................

६. तपाईंको विचारमा बालविकास केन्द्र व्यवस्थापनका पक्षमा रहेका समस्याहरु के-के हुन सक्छन् ?

क. ........................................................................

ख. ........................................................................

ग. ..........................................................................

७. केन्द्र सञ्चालनमा सरोकारवालाहरू क-कस्लाई मान्नुहुन्छ ?

क) ................ ख) ...................... ग) .................... घ) ......................

८. समस्या समाधानका लागि तल उल्लेखित पक्षहरूले के कस्तो सहयोग गर्नुपर्दछ ?

| पक्ष | आवश्यक सहयोग |
|---|---|
| जिल्ला शिक्षा कार्यालय | |
| स्रोतकेन्द्र | |
| बाल विकास केन्द्र व्यवस्थापन समिति | |
| विद्यालय | |
| अभिभावक | |
| सहयोगी कार्यकर्ता | |

९. बालविकास केन्द्रका समस्या समाधानका लागि स्रोतको तर्फबाट अरु के-कस्तो पहल गर्न सकिन्छ ?

..........................................................................................................

..........................................................................................................

# सामुदायिक विद्यालयमा सञ्चालित बालविकास केन्द्र व्यवस्थापन

## अनुसूची-२

## बाल विकास केन्द्र व्यवस्थापन समितिका अध्यक्षका लागि प्रश्नावली

बालविकास केन्द्रको नाम :

ठेगाना :

स्रोतकेन्द :

वि.व्य.स. अध्यक्षको नाम :

१. तपाईंले बालविकास केन्द्रको अनुगमन कति समयमा कसरी गर्नुहुन्छ ?

..........................................................................................................

२. तपाई यस बाल विकास केन्द्रको कक्षाकोठाको भौतिक सुविधा कस्तो भएको ठान्नुहुन्छ ?

(क) अति राम्रो (ख) राम्रो (ग) नराम्रो

३. कक्षाकोठा बाहिर रहेका (खानेपानी, शौचालय, खेलमैदान, बगैंचा) आदिको बारेमा तपाईं के भन्नुहुन्छ ?

(क) उत्तम (ख) मध्यम (ग) न्यून

४. सहयोगी कार्यकर्ताको लागि के कस्ता तालिमको व्यवस्था गर्नु भएको छ ?

(क) (ख) (ग)

५. उक्त तालिममा सिकेको सीप कतिसम्म प्रभावकारी भएको छ ?

(क) धेरै राम्रो (ख) अलि (ग) प्रयोग नभएको

६. विद्यालयमा रहेको कोषबाट बाल विकास केन्द्रको भौतिक अवस्था सुधारका लागि के कस्तो पहल गर्नु भएको छ ?

(क) (ख) (ग)

७. बालविकास केन्द्रका लागि दिवा खाजालाई कसरी प्रयोगमा ल्याउनु भएको छ ?

(क) जङ्क फुडको प्रयोग (ख) विद्यालयमा तयार गरेर (ग) अन्य

८. बालबालिकाहरूलाई प्रारम्भिक बालविकास कार्यक्रममा ल्याउन थप के-कस्तो पहल गर्नुपर्ला ?

..........................................................................................................

९. प्रारम्भिक बालविकास केन्द्रमा सिकाई क्षेत्रको अवस्था कस्तो पाउनु भएको छ ?

(क) अति उत्तम (ख) उत्तम (ग) उत्तम (घ) न्यून

१०. सहयोगी कार्यकर्ताका के-कस्ता गुनासाहरू पाउनु भएको छ ?

.....................................................................................................

११. केन्द्र सञ्चालनका लागि आर्थिक स्रोत कसरी जुटाउनु भएको छ ?

.....................................................................................................

१२. बालविकास केन्द्रमा रहेका समस्याहरू के कस्ता रहेको पाउनुहुन्छ ?

.....................................................................................................

१३. बालविकास केन्द्रमा रहेका समस्या समाधानका लागि व्यवस्थापन समितिको भूमिका कस्तो रहेको छ ?

.....................................................................................................

## सामुदायिक विद्यालयमा सञ्चालित बालविकास केन्द्र व्यवस्थापन

### अनुसूचि-३

### प्रधानाध्यापकका लागि अन्तर्वाता प्रश्नावली

बालाविकास केन्द्रको नाम :

ठेगाना :

स्रोतकेन्द :

प्र.अ. को नाम :

१. यस विद्यालयमा बालविकास केन्द्र कहिलेदेखि सञ्चालित छ ?

२. बालविकास केन्द्रको अवलोकन कति-कति समयमा गर्नुहुन्छ ?

(क) मासिक (ख) दैनिक (ग) छ महिनामा (घ) अन्य

३. सहयोगी कार्यकर्ताले कक्षाकोठामा कस्ता क्रियाकलाप गराएको पाउनु भएको छ ?

(क) (ख) (ग) (घ)

४. कक्षाकोठामा विद्यार्थी संख्याको आधारमा कक्षाकोठाको आकार कस्तो महसुस गर्नुभएको छ ?

(क) साँघुरो (ख) फराकिलो (ग) ठिकै

५. शैक्षिक सामग्रीको अवस्था कस्तो पाउनु भएको छ ?

(क) पर्याप्त (ख) ठिकै (ग) अपर्याप्त

६. केन्द्रमा रहेका सबै सिकाई सामग्रीहरू प्रयोगमा आएका छन् ?

(क) सबै प्रयोगमा छन् (ख) थोरै मात्र प्रयोगमा छन् (ग) प्रयोग गरिएको छैन

७. भित्ता तथा कक्षाकोठा सजावटको अवस्था कस्तो छ ?

(क) आकर्षक (ख) ठिकै (ग) छैन

८. बालविकास केन्द्र सञ्चालनका लागि सरोकारवालाहरू क-कस्लाई मान्नुहुन्छ ?

..........................................................................................................

९. तपाईंको बिचारमा विद्यालयमा बालविकास केन्द्र सञ्चालन गर्नुपर्ने कारण के हुन सक्छ ?

..........................................................................................................

१०. बालविकास केन्द्रमा निम्न उल्लेखित पक्षको अवस्था कस्तो छ ?

| विवरण | अवस्था | | |
|---|---|---|---|
| | उत्तम | मध्यम | न्यून |
| खानेपानी | | | |
| खेलकुद  तथा मनोरञ्जन सामग्री | | | |
| शौचालय | | | |
| दिवा खाजा | | | |
| शैक्षिक सामग्री | | | |
| स्वास्थ्य सुविधा | | | |

११. बालविकास केन्द्र सञ्चालनका लागि आर्थिक सहयोग कसरी प्राप्त गर्नु भएको छ ?

.............................................................................................................

१२. बालविकास केन्द्रमा के कस्ता समस्या पाउनु भएको छ ?

.............................................................................................................

१३. बालविकास केन्द्रमा रहेका समस्या समाधानका लागि कस्तो पहल गर्नु भएको छ ?

.............................................................................................................

# सामुदायिक विद्यालयमा सञ्चालित बालविकास केन्द्र व्यवस्थापन

## अनुसूचि-४

## सहयोगी कार्यकर्ताका लागि अन्तर्वाता प्रश्नावली

बालविकास केन्द्रको नाम :

ठेगाना :

स्रोतकेन्द :

सहयोगी कार्यकर्ताको नाम :

१. विद्यार्थीहरू बालविकास केन्द्रमा कत्तिको रमाउने गर्छन् ?

(क) धेरै रमाउँछन्  (ख) अलिअलि रमाउँछन्  (ग) रमाउँदैनन्

२. बालबालिकाहरूका लागि दैनिक क्रियाकलापहरू के-के गराउनुहुन्छ ?

(क) शारीरिक विकासका क्रियाकलाप  (ख) सामाजिकीकरणको क्रियाकलाप

(ग) सृजनात्मक क्रियाकलाप  (घ) पूर्व विद्यालय शिक्षा क्रियाकलाप

(ङ) सबै

३. शैक्षिक सामग्री प्रयोगको अवस्था कस्तो छ ?

(क) धेरै प्रयोग हुन्छ  (ख) अलि-अलि प्रयोग हुन्छ  (ग) प्रयोग हुँदैन

४. बालबालिकाहरूलाई खाजाको व्यवस्था कसरी गरिएको छ ?

(क) तयारी खाजा खुवाउने गरेको  (ख) आफै बनाएर खुवाउने गरेको

(ग) घरैबाट ल्याएर खाने  (घ) अन्य

५. कक्षा शिक्षणमा के का आधारमा शैक्षिक क्रियाकलाप गराउनुहुन्छ ?

(क) पाठ्यक्रम  (ख) निर्देशिका

(ग) स्रोत सामग्री  (घ) अन्य

६. विद्यार्थीहरूलाई नियमित गराउन के कस्ता पहल गर्नुभएको छ ?

(क) अभिभावक बोलाउने  (ख) आफै गएर अनुरोध गर्ने  (ग) अन्य

७. बालबालिकाहरूको अभिलेख व्यवस्थापन कसरी गर्नु भएको छ ?

........................................................................................................

८. बालविकास केन्द्रको सञ्चालनमा प्रशासनको भूमिका कस्तो पाउनुभएको छ ?

(क) उत्तम  (ख) मध्यम  (ग) न्यून

## सामुदायिक विद्यालयमा सञ्चालित बालविकास केन्द्र व्यवस्थापन

### अनुसूचि-५

### विद्यार्थीका लागि अन्तर्वाता प्रश्नावली

बालविकास केन्द्रको नाम :

ठेगाना :

विद्यार्थीको नाम :

१. तिम्रो गुरु आमाको नाम के हो ?

२. स्कुलमा तिमी के-के गर्छौ ?

(क) पढ्ने/लेख्ने (ख) नाँच्ने/गाउँने (ग) चित्र बनाउने/खेल्ने/कसरत गर्ने

३. तिमीलाई के गर्दा राम्रो लाग्छ ?

(क) विद्यालयमा आउँदा (ख) घरमा बस्दा

४. तिमीलाई विद्यालयमा के गर्न बढी मन पर्छ ?

(क) खेल्न (ख) पढ्न (ग) गाउँन/नाँच्न

५. गुरु आमाले कस्तो व्यवहार गर्नुहुन्छ ?

(क) माया गर्नुहुन्छ (ख) कुट्नु हुन्छ (ग) गाली गर्नुहुन्छ

६. विद्यालयमा कस्ले बढी माया गर्नुहुन्छ ?

(क) दादा दिदीले (ख) गुरुआमाले (ग) सरहरूले

७. तिमी विद्यालयमा कस्तो-कस्तो खाजा खान्छौ ?

..........................................................................................................

८. तिमीलाई कुन खाजा मन पर्छ ?

(क) स्कुलमा खाएको (ख) घरमा खाएको

९. विद्यालय आउन तिमीलाई कस्ले सहयोग गर्नुहुन्छ ?

(क) दादा/दिदी (ख) बुबा/आमा (ग) मिस

# सामुदायिक विद्यालयमा सञ्चालित बालविकास केन्द्र व्यवस्थापन

## अनुसूची-६

## कक्षा अवलोकन फाराम

बाल विकास केन्द्रको नाम : स.का.

बाबालिकाको उपस्थिति संख्या : मिति :

छात्र :

छात्रा :

१. कक्षाकोठा सिकाइ सामग्रीको सजावटको अवस्था

(क) राम्रो (ख) सामान्य (ग) नराम्रो/अव्यवस्थित

२. सिकाइका सामग्रीको प्रयोगको अवस्था

(क) प्रयोग गरेको (ख) प्रयोग नगरेको

३. विद्यार्थीहरूको बसाइ व्यवस्थापन

(क) वृत्ताकार (ख) अर्धवृत्ताकार (ग) लहरे (घ) स्वतन्त्र

४. भित्ता सजावटको अवस्था

(क) छ (ख) छैन

५. कक्षाकोठाको भित्तामा रङ रोगनको अवस्था

(क) छ (ख) छैन

७. कक्षा क्रियाकलापमा बालबालिकाहरूको सहभागिता

(क) पूर्ण सहभागिता (ख) आंशिक सहभागिता (ग) न्यून सहभागिता

८. बालबालिकाको उपस्थितिको अवस्था

(क) नियमित (ख) अनियमित

९. बालबालिकाको अभिलेखको अवस्था

(क) राख्ने गरेको (ख) राख्ने नगरेको

१०. बालबालिकालाई खाजाको व्यवस्था

(क) भएको (ख) नभएको

११. स.का. को उपस्थितिको अवस्था

(क) नियमित (ख) अनियमित

१२. कक्षाकोठा तथा सिकाइ क्रियाकलाप सम्बन्धी सकारात्मक पक्ष

(क) ................... (ख) .................... (ग) .......................

१३. सुधार गर्नुपर्ने पक्षहरू

(क) ................... (ख)....................... (ग) .......................

## सामुदायिक विद्यालयमा सञ्चालित बालविकास केन्द्र व्यवस्थापन

### अनुसूची-७

### किताब कुनाहरू तथा सामग्री व्यवस्थापन अवलोकन फारम

| क्र.सं. | विवरण | परिमाण | अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | राम्रो | सामान्य | कमजोर | |
| १ | भाषा क्षेत्र | | | | | |
| २ | गणित क्षेत्र | | | | | |
| ३ | विज्ञान क्षेत्र | | | | | |
| ४ | सिर्जनात्मक क्षेत्र | | | | | |
| ५ | खेल क्षेत्र | | | | | |
| ६ | सामग्री भण्डार क्षेत्र | | | | | |
| ७ | आराम क्षेत्र | | | | | |
| ८ | खाजा क्षेत्र | | | | | |
| ९ | फर्निचर व्यवस्थापन | | | | | |
| १० | बसाई व्यवस्थापन | | | | | |
| ११ | सामग्री सजावटको अवस्था | | | | | |
| १२ | शारीरिक दण्डको अवस्था | | | | | |
| १३ | भित्ता सजावटको अवस्था | | | | | |
| १४ | रङ रोगनको अवस्था | | | | | |
| १५ | सिकाइ सामग्री प्रयोगको अवस्था | | | | | |

# सामुदायिक विद्यालयमा सञ्चालित बालविकास केन्द्र व्यवस्थापन

## अनुसूची-८

### केन्द्रको भौतिक व्यवस्थापनसँग सम्बन्धित सर्वेक्षण फारम

| क.सं. | विवरण | परिमाण | अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | राम्रो | सामान्य | कमजोर | |
| १ | भवन | | | | | |
| २ | कक्षाकोठा | | | | | |
| ३ | सजावट | | | | | |
| ४ | सरसफाई | | | | | |
| ५ | भण्डारण सामग्री | | | | | |
| ६ | कालो/सेतो पाटी | | | | | |
| ७ | डेस्कबेन्च | | | | | |
| ८ | कार्पेट गुन्द्री | | | | | |
| ९ | पिङ्ग | | | | | |
| १० | चिप्लेटी | | | | | |
| ११ | खेलमैदान | | | | | |
| १२ | दराज | | | | | |
| १३ | बगैंचा/फुलबारी | | | | | |
| १४ | शौचालय | | | | | |
| १५ | स्वच्छ पानी | | | | | |
| १६ | झ्याल/ढोका | | | | | |
| १७ | सिलिङ | | | | | |
| १८ | प्रकाश | | | | | |
| १९ | हावा | | | | | |
| २० | उपयुक्त तापक्रम | | | | | |
| २१ | समूह कार्य | | | | | |
| २२ | टेबल/कुर्सी | | | | | |
| २३ | बाकस | | | | | |
| २४ | सिकाइ कुना | | | | | |
| २५ | खेल सामग्री | | | | | |
| २६ | स्वास्थ्य उपचार | | | | | |
| २७ | खाजा | | | | | |
| २८ | आराम | | | | | |